# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ६ अङ्क ४ माघ २०८०

## आयोगको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस



राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरेको छ । प्रतिवेदनमा आर्थिक वर्ष २०७९/०८० मा आयोगमा परेका उजुरीहरू, उजुरीउपर भएका छानबिन तथा अनुसन्धान विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसहरू, मानव अधिकार संरक्षण र संवर्धनमा आयोगबाट वर्षभरि भएका कार्यहरूको विवरण उल्लेख गरिएको छ । साथै, मानव अधिकारको संरक्षण र संम्वर्द्धनमा देखिएका चुनौतीहरू एवम् आयोगले चाल्ने भावी कदमहरूबारे समेत प्रतिवेदनमा समावेश गरिएको छ ।




"प्रतिवेदन अवधिमा आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा १०० उजुरीहरू दर्ता भएका छन् । मानव अधिकारसँग सम्बन्धित विषयमा २२० पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ भने ४०४ उजुरीउपर निर्णय गरेको छ । त्यसैगरी, १३ वटा नीतिगत र १०२ वटा उजुरीगत सिफारिसहरू गरिएको छ । यस अवधिमा आयोगबाट मानव अधिकारका समसामयिक विषयमा ४४ वटा प्रेस विज्ञप्तिहरू जारी भएका छन् । आयोगबाट जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी संवर्धनसम्बन्धी जम्मा २३१० वटा कार्यक्रम भएका छन् ।

यसभित्र ........

- मानव अधिकार उल्लङ्घनका उजुरीमाथि आयोगबाट भएका पहलहरूको सङ्क्षिप्त विवरण
- विनाशकारी भूकम्पबाट भएको क्षतिको उच्चस्तरीय टोलीबाट अनुगमन
- जातीय छुवाछुत तथा भेदभावविरुद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन
- विनाशकारी भूकम्पबाट भएको क्षतिको उच्चस्तरीय टोलीबाट अनुगमन
- जातीय छुवाछुत तथा भेदभावविरुद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन
- वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न
- निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनसम्बन्धी अनुगमन रूजुसूचीमाथि छलफल

अन्य.........

विश्वव्यापी आवधिक समीक्षाबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको कार्यान्वयनका लागि केन्द्रका साथै प्रदेश कार्यालयहरूबाट कार्यशाला गोष्ठी आयोजना भएका छन् ।

उल्लिखित उपलब्धीका बाजजुद् मानव अधिकारको संरक्षण र संवर्धन गर्ने कार्यमा केही चुनौतीहरू रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेबमोजिम समानुपातिक र समावेशी सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्दै संविधानको मर्म र भावनाअनुसारको उपलब्धी हासिल गर्न गराउन लक्षित तथा सिमान्तकृत वर्गको मानव अधिकारको सुनिश्चित गर्ने गराउने कार्यमा ठोस प्रगति हासिल गर्न राज्यको सबै अङ्ग परिचालित हुनुपर्ने अवस्था छ ।

“आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरूको कार्यान्वयन अवस्था उत्साहजनक छैन । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ नेपालको संविधान अनुकूल संशोधन हुन सकेको छैन । पेरिस सिद्धान्तको मर्मअनुरूप आयोगको आर्थिक स्वायत्तता सुनिश्चित हुन नसकेको अवस्था छ। यी चुनौतीहरूको बावजुद् पनि आयोग आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न पूर्णरूपमा प्रतिबद्ध छ ।” प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदन बुझ्ने क्रममा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडलले लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता लगाएतका आधारभूत लोकतान्त्रिक मूल्य र मान्यतालाई व्यवहारमा उतारी मानव अधिकारको परिपालना गर्ने संस्कृतिको निर्माण गर्नेतर्फ सबैको ध्यान पुग्नुपर्ने बताउनुभयो ।

विद्यालय एवम् विश्वविद्यालयका पाठ्यक्रममा मानव अधिकार शिक्षा समावेश गर्नुका साथै जनचेतनाका कार्यक्रमहरू व्यापकरूपमा सञ्चालन गर्नुपर्ने भनाइ उहाँले राख्नुभयो । प्रतिवेदन पेस गर्ने क्रममा आयोगका माननीय अध्यक्ष तपबहादुर मगरले मानव अधिकार संस्कृति कायम गर्ने मूल ध्येयलाई ध्यानमा राखी मानव अधिकारको संरक्षण र संवर्धन गर्न आयोगले निरन्तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको भनाइ राख्नुभयो । कार्यक्रममा आयोगका माननीय सदस्यहरू, काम् सचिव, सहसचिवहरूलगायत आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

**मानव अधिकार उल्लङ्घनका उजुरीमाथि आयोगबाट भएका पहलहरूको सङ्क्षिप्त विवरण**

राष्ट्रिय मानव अधिकार आयोग उजुरी कारबाहीसम्बन्धी निर्देशिका २०६९ को ४० (क) को व्यवस्थाबमोजिम आयोगले आव २०८०/०८१ देखि हरेक छ महिनामा मानव अधिकार उल्लङ्घन/दुरुत्साहन भएको भनी दर्ता हुन आएका उजुरीमाथि भएका निर्णयहरू सार्वजनिक गर्ने कार्यको थालनी भएको छ । यस सम्बन्धमा आव ०७९/८० मा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त जानकारीसहित यस आवको पहिलो छ महिनाको विवरणलाई तपसिलबमोजिम रहेको छः

**तपसिल**

(क) आव ०७९/२०८० मा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त विवरण

- आयोगमा मानव अधिकारको उल्लङ्घन वा हनन् भएको भनी जम्मा १०० उजुरीहरू दर्ता । अधिल्लो वर्ष र यस अवधिमा दर्ता भएका ३५४ उजुरीमाथि अनुसन्धान सम्पन्न ।
- दर्ता हुन आएका उजुरीहरूमध्ये प्रमुख महासन्धिको आधारमा सबैभन्दा बढी नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित ४७, सबैभन्दा कम जर्बजस्ति व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धिअन्तर्गत एउटा उजुरी दर्ता ।
- यस आवमा उजुरीसम्वन्धी ४२ पटक बैठक बसी ४०४ वटा निर्णय भएका छन । ११० वटा उजुरीमाथि सिफारिस, १०२ वटा क्षतिपूर्तिसम्वन्धी सिफारिस र १३ वटा नीतिगत सुधारको लागि गरी जम्मा *११५* वटा निर्णय भएका छन ।
- कारबाही र क्षतिपूर्तिलाई छुट्टयाएर हेर्दा कानुनी कारबाही र विभागीय कारबाहीको लागि सिफारिस गरिएको सङ्ख्या ७६ भएकोमा दोषीको नाम किटान गरिएको सङ्ख्या ६६ र क्षतिपूर्तिसँग मात्र सम्बन्धित सङ्ख्या ५९ जना ।

***कारबाहीको लागि सिफारिस गरिएका मानव अधिकार उल्लङ्घनका दोषीहरूको नामावली***

***नेपाल प्रहरीहरू** : (१) प्रउ योगेश्वर रोमखामी (२) प्रउ रामकुमार खनाल (३) प्रउ नारायणकुमार आचार्य (४) प्रउ उमाप्रसाद चर्तुवेदी (५) प्रनाउ कामाख्या नारायण सिंह (६) प्रनाउ नारायणप्रसाद चिमोरिया (७) प्रनाउ टेकुनन्द इवा लिम्बु (८) प्रनाउ हनुमान शाह (९) प्रनि गोविन्दप्रसाद साह (१०) प्रनि महेन्द्र दर्नाल (११) प्रनि दीपेन्द्र श्रेष्ठ (१२) प्रनि दुर्गालाल चौधरी (१३) प्रनि कमलप्रसाद गिरी (१४) प्रसनि नवराज दाहाल (१५) प्रसनि ऋषि खनाल (१६) प्रसनि राजनप्रसाद नेपाल (१७) प्रसनि खड्गबहादुर कार्की (१८) प्रसनि दिनेश अधिकारी (१९) प्रसनि महावीरराज धावे (२०) प्रसनि बासुदेव चौधरी (२१) प्रनानि रामकुमार यादव (२२) प्रनानि श्याम राउत (२३) प्रनानि धर्मेन्द्रकुमार सिंह (२४) प्रनानि चक्र बस्नेत (२५) प्रह भुवनसिंह कार्की (२६) प्रह युवराज बस्नेत (२७) प्रह हर्कबहादुर थापा (२८) प्रह केदार अधिकारी (२९) प्रह दलबहादुर कार्की (३०) प्रज विनोद ठाकुर, (३१) प्रज टार्जन गुरुङ (३२) प्रज निलम संग्रौला ।*

***सशस्त्र प्रहरी बल: (१)** सप्रउ प्रकाश ओझा ।*

***नेपाली सेना: (१)** सेनानी कृष्णमुरारी न्यौपाने (गुल्मपति) (२) सेनानी सुरत रावल (युद्धकार्य अधिकृत) (३) सहसेनानी चक्रबहादुर कार्की (४) क्याप्टेन दिनेश थापा ।*

***राष्ट्रिय अनुसन्धान** : (१) निरीक्षक लिलाधर पौडेल ।*

***निजामति कर्मचारीहरू: (१)** प्रजिअ माधवप्रसाद ओझा (२) प्रजिअ शालीग्राम शर्मा पौड्याल (३) प्रजिअ दीपककुमार पहाडी (४) प्रजिअ सरोजप्रसाद गुरागाईं (५) प्रजिअ रमा आचार्य (६) प्रजिअ शिवप्रसाद नेपाल (७) सप्रजिअ पुरुषोत्तम अधिकारी (८) कारागार विभागका विभागीय प्रमुख द्रोण पोखरेल, (९) बाँके कारागार प्रमुख देवेन्द्रप्रसाद श्रेष्ठ (१०) रोल्पा कारागार प्रमुख कमला घिमिरे (११) निमित्त कारागार प्रमुख यामलाल ओली (१२) नासु दिपेन्द्रप्रसाद पौडेल ।*

***तत्कालीन नेकपा (माओवादी) मा संलग्नहरू** :*

*(१) खण्टे कामी, (२) श्रवणकुमार यादव, (३) रामअवतार महतो (४) रामविलास यादव, (५) हृदय यादव, (६) प्रभु साह (७) एस.पी. किराती (८) हरिप्रसाद दाहाल (९) अर्चन भन्ने मनप्रसाद गौतम (१०) नन्कु बेहना ।*

***नोट: सिफारिस गरिएका ६६ मध्ये ६ जनाको हकमा कारबाहीको जानकारी प्राप्त भएकोले नाम सार्वजनिक गरिएको छैन ।***

***स्रोत: अनुसन्धान महाशाखा***

- अघिल्लो आव र यस आवमा दर्ता भएका ४०४ उजुरीउपर निर्णय भएको, जसमध्ये २७८ वटा तामेली, ११ वटा खारेजी र अन्य पुन: पेस गर्ने निर्णय ।
- आयोग स्थापनादेखि हालसम्म मानव अधिकार उल्लङ्घन दुरुत्साहनमा दोषी पहिचान भएका व्यक्तिहरूको सङ्ख्या ३५८ जना ।
- आयोगले स्थापनादेखि मानव अधिकार उल्लङ्घनका पीडितलाई क्षतिपूर्ति/राहत उपलब्ध गराउन २८ कारोड १३ लाख एक हजार एक सय ९७ रुपियाँ सिफारिस गरी पठाएकोमा करिब सात करोड बराबरको रकम निकासा भएको जानकारी प्राप्त ।
- विगत आव को तुलनामा यस अवधिमा सिफारिस कार्यान्वयन अवस्थामा सुधार आउन नसकेको ।

### (ख) आव २०८०/८१ को पहिलो छ महिनामा सम्पादन भएका कार्यहरूको सङ्क्षिप्त विवरण

- यस अवधिमा मानव अधिकार उल्लङ्घन दुरुत्साहन भएको भनी ५८ वटा उजुरी दर्ता हुन आएकामा यस आव र अघिल्लो आव मा पनि दर्ता भई अनुसन्धान हुन बाँकी रहेका ११७ वटा उजुरीमाथि अनुसन्धान सम्पन्न ।
- यस अवधिमा ४४ वटा उजुरीमा अन्तिम निर्णय हुँदा ३७ वटा उजुरीमा कारबाही तथा क्षतिपूर्तिको लागि सिफारिस र ७ वटा उजुरी तामेली तथा खारेज गर्ने ।
- सिफारिस भएका ३७ वटा उजुरीमा २१ जना पीडितलाई १४ लाख ७० हजार रुपियाँ क्षतिपूर्ति दिन र १२ जनालाई कारबाही गर्न र अन्य विषयमा १५ सिफारस गरिएका छन् ।
- आयोगबाट भएका सिफारिस कार्यान्वयनको सन्दर्भमा सिफारिस कार्यान्वयनमा जिम्मेवार रहेका मुख्यत: नेपाल सरकारका सम्बन्धित मन्त्रालयका उच्चपदस्थ अधिकारी र नागरिक समाजका प्रतिनिधिसमेतको सहभागितमा एक कार्यक्रम सम्पन्न । यस सन्दर्भमा गृह मन्त्रालय र अर्थ मन्त्रालयका सचिवसँग पनि छुट्टै छलफल सम्पन्न ।

### (ग) यस आवको साउन १ गते देखि पुस मसान्तसम्म भएका केही प्रमुख निर्णयहरू

#### (१) मृतक आरती साह

- धनुषा जिल्ला जनकपुर उपमहानगरपालिका वडा नं. ९ थापाचोक निवासी वर्ष २३ की आरती साहले मिति

२०८०/२/७ गते आत्महत्या गरेको भनिएको घटना आत्महत्या नभई हत्या भएकोमा सो घटनामाथि जिल्ला प्रहरी कार्यालय धनुषाबाट जाहेरी दर्ता र अनुसन्धान गम्भीरता नदेखाएकोले घटनाको छानबिन गरी दोषीमाथि कारबाही गरिपाऊँ भनी यस आयोगमा मिति २०८०/२/११ गते दर्ता हुन आएको थियो । उजुरीमाथि आयोगबाट भएको छानबिन तथा अनुसन्धानबाट अनुसन्धान प्रक्रियामा त्रुटी हुन गएको र प्रहरी कार्यालयभित्र कुटपिट पनि भएको देखिँदा मृतककी बहिनी मनिषा साहलाई एक लाख ५० हजार रुपियाँ, मृतककी आमालाई एक लाख रुपियाँ र मृतकका बाबु, भाइ र मामालाई जनही ५० हजार रुपियाँ क्षतिपूर्ति दिन र दोषी देखिएका प्रहरीहरू विश्वराज खड्का, वेदप्रसाद गौतम र दिनेश अधिकारीलाई विभागीय कारबाही गर्न ।

- उक्त घटनामा निष्पक्ष अनुसन्धान नगरेको र पीडितमाथि कुटपिट गर्न संलग्न भएको आरोप लगाइ पीडितहरूले सार्वजनिक स्थलमा प्रहरी उपरीक्षक विश्वराज खड्का, प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतम, महेन्द्र राय सहितका प्रहरी कर्मचारी र मृतकको श्रीमान्तर्फका परिवारका सदस्यहहरूलाई स्वघोषित रूपमा अपराधी घोषणा गरी तस्वीर सार्वजनिक गर्ने, फोटोमाथि थुक्ने, लात्तीले कुल्चनेजस्ता क्रियाकलाप गरेको घटना नेपालको संविधानको धारा २०(५) विपरित देखिएकोले संविधानको धारा ४८(ख) को पालना गरी घृणाजन्य अभिव्यक्ति नदिन, मानव अधिकारको आधारभूत मूल्य, मान्यता र मानव अधिकारसम्बन्धी प्रचलित संविधान र कानुनले व्यक्तिलाई प्रदान गरेका अधिकारको सम्मान गर्न पीडितहरूलाई जानकारी गराउने ।

### (२) प्रजनन स्वास्थ्यको अधिकारसम्बन्धी

- राष्ट्रिय अपाङ्ग महासङ्घ, केन्द्रीय कार्यालय, काठमाडौंमा परियोजना अधिकृतको रूपमा कार्यरत सुमित्रा कटुवालले आफू गर्भवती भएकै कारण संस्थाले व्यवहारिक रूपमा मिलाउन सकिने बिदा नदिई प्रजनन् स्वास्थ्यको अधिकारसमेतबाट वञ्चित गरेको भनी दर्ता हुन आएको थियो । उजुरीमाथि २०७९/९/१९ गते निर्णय हुँदा प्रजनन् स्वास्थ्यको अधिकार हनन् भएको देखिँदा र निजलाई प्रसुति बिदावापत तीन महिनाभित्र ९० दिनको तलब र निजको मानव अधिकार उल्लङ्घन भएवापत थप रु.१००,०००/ (एक लाख रुपियाँ) क्षतिपूर्ति उपलब्ध गराउन र राष्ट्रिय अपाङ्ग महासङ्घ, कार्य समितिका अध्यक्ष श्री देवीदत्त आचार्यलगायत प्रसुति बिदा उपलब्ध नगराउने र पदमुक्त गर्ने समेतका निर्णयमा हस्ताक्षर गर्ने अन्य पदाधिकारीहरूलाई त्यस्तो कार्य नगर्न/निर्देशन दिने ।
- सोही उजुरीमा कानुनबमोजिम दर्ता भएका सार्वजनिक तथा गैरसरकारी संस्थाहरूमा कार्यरत महिलाहरूको प्रजनन् स्वास्थ्यको अधिकारसँग सम्बन्धित कानुनहरूको कार्यान्वयनको अनुगमन एवम् आवश्यक निर्देशन दिन गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै जिल्ला प्रशासन कार्यालयहरू र समाज कल्याण परिषद् समेतमा पत्राचार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने ।

### (३) सीआइबीबाट पक्राउ चिकित्सक

- महोत्तरी जिल्ला, पिपरा गापा वडा नं. ८ घर भएका डा. रंजीत कुमार यादव (NMC No. 26199) लाई नक्कली प्रमाण पत्र लिएको भनी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरोले २०८०।४।२५ मा गैर कानुनी रूपमा पक्राउ गरी थुनामा राखेकोले आफु निर्दोष व्यक्तिको सामाजिक प्रतिष्ठामा आँच आएको र मानसिक यातना समेत दिइएकोले मानव अधिकारको संरक्षण गरी पाउँ भनी दर्ता भएको थियो । उजुरीमा मिति २०८०।९।१९ गते निर्णय हुँदा कुनै व्यक्ति कसूरदार नठहरेसम्म निजको मर्यादामा नकारात्मक प्रभाव पार्ने कार्य कहीं कतैबाट सार्वजनिक गर्न नहुनेमा यस घटनामा एउटा व्यक्तिले गरेको कसूरमा अर्कै व्यक्ति पक्राउ परी विभिन्न समाचार
- माध्यमहरूमा निर्दोष चिकित्सकको नाम नकारात्मक रूपमा सम्प्रेषित हुँदा निजको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको हनन् हुन गएकोले पीडित डा. रञ्जीतकुमार यादवलाई १० हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने ।
- यसै घटनामा यस्ता प्रकारका कमजोरी आगामी दिनमा नदोहोऱ्याउन नेपाल प्रहरी (केन्द्रीय

अनुसन्धान व्यूरो) र नेपाल मेडिकल काउन्सिलको ध्यानाकर्षण गराउने ।

**(४) स्वास्थ्यको अधिकार र नगद नोट तथा सिक्का सम्बन्धमा**

नगद पैसा (नोट तथा सिक्का) निर्मलीकरण नगरी बजारमा आउँदा त्यसबाट विभिन्न रोग फैलन गई मानिसको स्वास्थ्यको अधिकार प्रचलनमा अवरोध आउने भएकोले त्यसको लागि आवश्यक पहल गरी पाऊँ भनी उजुरी दर्ता भएको थियो । उजुरीमाथि अनुसन्धान हुँदा त्यस्ता निर्मलीकरण नगरिएका नगद पैसाको कारोवारबाट नोट तथा सिक्कामा विभिन्न किटाणु, विषाणु तथा परजिवी हुने, त्यसबाट छालामा हुने पिलो खटिरो, खाना विषाक्तता (food poisoning) हुने, वान्ता हुने, टाइफाइड झाडापखालाजस्ता रोग हुने एवम् मासु पसल र अस्पतलामा प्रयोग हुने नगदमा ९८ प्रतिशतसम्म जिवाणु हुने गरेको भनी प्राप्त प्रमाणको आधारमा पैसाको नगद कारोवारले नागरिकको स्वास्थ्य अधिकार प्रचलनमा पार्नसक्ने नकारात्मक प्रभाव रोक्न, सफा नोट सम्बन्धमा जारी भएका नीति निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न, वित्तीय जननचेतना फैलाउने लगायतका कार्यहरू गर्नलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक समेतलाई सिफारिस गरी पठाउने ।

**(५) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक**

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमाथि प्रहरीबाट निरन्तर कुटपीट भएको भनी आयोगमा उजुरी प्राप्त भएको थियो । उजुरीमाथि गरिएको छानबिनको आधारमा उनीहरूमाथि अमानवीय व्यवहार नगर्न र उनीहरूको मर्यादाको ख्याल गर्न मातहतका सबै प्रहरी कार्यालयहरूलाई निर्देशन दिन नेपाल प्रहरी र कुटपिटबाट पीडित भएका १० जनालाई जनही क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

**(६) बालबालिकाको अधिकार**

एसओएस हर्मन माइनर विद्यालय सानोठिमीका विद्यार्थीहरूलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट मध्यपुर थिमी नगरपालिकाले वञ्चित गरेको भनी उजुरी प्राप्त भएको थियो । उजुरीमाथि आयोगबाट तत्काल निर्णय गरी विद्यार्थीरूको खेलकुदमा सहभागी गराई २४ घण्टाभित्र आयोगलाई जानकारी गरी बाल अधिकारको सम्मान गर्न मध्यपुर थिमी नगरपालिका, स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति, युवा तथा खेलकुद मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, वाग्मती प्रदेश सामाजिक विकास मन्त्रालय, भक्तपुर जिल्ला खेलकुद विकास समितिसमेतलाई निर्देशन ।

**(७) सुधार केन्द्रबाट उद्धार**

मानसिक स्वास्थ्यको उपचार गराउनुपर्ने एक महिलालाई दुर्व्यसनीलाई राख्ने सुधार केन्द्रमा राखी निजको स्वास्थ्यको अधिकार हनन गरेको भनी आयोगमा दर्ता हुन आएको थियो । उजुरीउपर छानबिन अनुसन्धान हुँदा उजुरी व्यहोरा सही देखिँदा निज महिलालाई तत्काल उद्धार गरी विशेषज्ञ स्वास्थ्य संस्थामा उपचार गर्न आदेश भएकोमा सो को कार्यान्वयन भएको अवस्था ।

**वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न**




राष्ट्रिय मानव अधिकार आयोगले युएसआइडी (USAID) स्वच्छ हावा सँगको सहकार्यमा मिति २०८० पुस १८ गते वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन सम्पन्न गरेको छ । सम्मेलनमा वातावरण, वायु प्रदूषण र मानव स्वास्थ्य तथा वातावरणीय मानव अधिकार रक्षक र सरोकारवालाको भूमिका विषयमा दुई सत्रमा विज्ञहरूबाट प्रस्तुतिकरण र छलफल भएको थियो । सम्मेलनले तपसिलबमोजिमको १० बुँदे घोषणापत्र जारी गरेको छः

**सम्मेलनबाट जारी घोषणापत्र, २०८०**

नेपालको संविधान, मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६, आइ.एल.ओ. महासन्धि नं. १६९, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, २००७ तथा मानव अधिकार तथा वातावरणीय अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रत्याभूत गरेका स्वच्छ हावाको अधिकार र वातावरणीय अधिकार, दिगो विकासको एजेन्डा २०३०, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्ले ८ अक्टोबर, २०२१ मा जारी गरेको स्वच्छ, स्वस्थ तथा दिगो वातावरणीय मानव अधिकारसम्बन्धी प्रस्ताव नं. ४८/१३, तथा संयुक्त राष्ट्रसङ्घीय साधारण सभाले २८ जुलाई, २०१० मा जारी गरेको खानेपानी र सरसफाइको अधिकारसम्बन्धी प्रस्ताव नं. ६४/२९२, संयुक्त राष्ट्रसङ्घीय व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गनिर्देशक सिद्धान्तहरू, २०११ र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकहरूको घोषणापत्र १९९८ र राष्ट्रिय मानव अधिकार आयोगबाट यसअघि जारी भएका घोषणापत्रलाई सम्मान तथा आत्मसात गर्दै,

मानव स्वास्थ्य र जनजीविकासँग प्रत्यक्ष जोडिएको वातावरणीय सवाल पेचिलो हुँदै गएको सन्दर्भमा र प्राकृतिक श्रोतहरूको अत्यधिक दोहन तथा अव्यवस्थित विकासका कारण वातावरणीय विनाश तीव्र रूपमा बढिरहेको तथा वातावरणको विनाशसँगै वातावरणको संरक्षण, व्यवस्थापन र दिगो उपयोगमा संलग्न वातावरणीय मानव अधिकार रक्षकहरूको पहिचान, सुरक्षा र सम्मान समेत महत्त्वपूर्ण हुँदै गएको कुरालाई स्मरण गर्दै,

वातावरण क्षेत्र खास गरी जल, जङ्गल, जमिन, जलवायुलगायत फोहोरमैला व्यवस्थापन, यातायात तथा उद्योगको प्रणाली सुधार, कृषिको दिगो व्यवस्थापन, नवीकरणीय ऊर्जाको प्रवर्धनमार्फत् नेपालको संविधानको धारा ३० ले सुनिश्चित गरेको "प्रत्येक नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक" कार्यान्वयनको लागि प्रभावकारी तथा अनुकूल स्थिति सिर्जना गर्दै,

राष्ट्रिय मानव अधिकार आयोग, नेपालको आयोजनामा २०८० पुस १८ गते ललितपुरमा भएको वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मेलन तपसिलबमोजिम घोषणा-पत्र जारी गर्दछ :

(१) वातावरणीय सुरक्षा प्रभावकारी बनाउन तत्काल वातावरणसँग सम्बन्धित कानुन/नीति तथा मापदण्डहरूको समयानुकूल पुनरावलोकन गरी कार्यान्वयन गर्न नेपाल सरकारसँग आग्रह गर्दछ । वातावरणीय मानव अधिकार रक्षकहरूको सुरक्षा, सम्मान, संरक्षण तथा समथर्न गर्ने सुनिश्चितता गर्दै स्वच्छ वातावरण तथा वातावरणीय सुरक्षासम्बन्धी विद्यमान कानुन, नीति तथा मापदण्डहरूलाई वातावरण रक्षकलगायत सम्बन्धित सरोकारवालाहरूको अर्थपूर्ण सहभागितामा पुनरावलोकन गरी कार्यान्वयन गर्न ।

(२) नेपालमा आधा भन्दा बढी घरका भान्छामा दाउरा, गुइँठाजस्ता इन्धनको प्रयोग हुँदा अत्यधिक प्रदूषण हुने र यसबाट विशेष गरी गरिबीको रेखामुनि रहेका र जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र दिर्घरोगीहरूलाई बढी प्रभाव पर्ने हुँदा यसलाई रोक्न स्वस्थ वातावरण र वातावरणीय न्याय सम्बन्धमा सार्वजनिक सचेतना र शिक्षाका सामाजिक अभियान युवाहरूको समेत सहभागितामा सञ्चालन गर्न गराउन तथा स्थानीय तहले निर्माण गर्ने विद्यालय तहको स्थानीय पाठ्यक्रममा समावेश गर्न ।

(३) वातावरणीय मानव अधिकार रक्षकहरूको सम्मान, पहिचान र संरक्षणसम्बन्धी कानुन तर्जुमा गरी निगरानी र जवाफदेही समुहको भूमिका निर्वाह गर्न सहज वातावरण निर्माण गर्दै उनीहरूको सञ्जालीकरणको लागि आवश्यक प्रशिक्षण, स्रोत तथा कानुनी सहायताको प्रबन्ध गर्न ।

(४) वातावरणीय मानव अधिकार रक्षकहरूको सुरक्षाको लागि नेपाल सरकारबाट नीति तथा कार्ययोजना निर्माण गरी लागू गर्दै वातावरणीय मानव अधिकार रक्षकहरूमाथि धम्की तथा आक्रमण गर्ने विरुद्ध कानुनी कारबाही गर्न ।

(५) भौतिक विकास र निर्माणका नाममा प्राकृतिक श्रोत तथा समग्र वातावरणको क्षयीकरण र विनाशप्रति वातावरण रक्षकहरू सजग रहेकाले समुदाय तह, परियोजनागत तह एवम् ठुला आयोजनाहरूमा

वातावरणीय प्रभाव मूल्याङ्कनका सुझावहरू तथा मापदण्डको उचित कार्यान्वयन गर्न गराउन तथा मापदण्डको पालना भए-नभएको प्रभावकारी अनुगमन गर्न ।

(६) वातावरणीय मानव अधिकार रक्षकको अधिकार उल्लङ्घनसम्बन्धी घटना, उजुरी तथा सम्भावित जोखिमको लेखाजोखा गरी नियमित निगरानी, अनुगमन तथा वातावरणीय प्रभाव परेको समुदायको खण्डीकृत तथ्याङ्कसहित वार्षिक रूपमा छुट्टै प्रतिवेदन तयार गरी कार्यान्वयन गर्न/गराउन ।

(७) प्रत्येक उद्योग तथा व्यवसायिक प्रतिष्ठानलाई वातावरण संरक्षण, मानव अधिकारको सम्मान र संरक्षण गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय व्यवसाय र मानव अधिकारसम्बन्धी मार्गनिर्देशक सिद्धान्तहरू र नेपाल सरकारले यस सम्बन्धमा जारी गरेको कार्ययोजनाको कार्यान्वयन गर्न/गराउन ।

(८) तीनै तहका सरकारले वातावरणीय मानव अधिकार डेस्क स्थापना गरी आवश्यक कार्य गर्दै वातावरणीय न्यायको पक्षमा भएका मुद्दाहरूको फैसला कार्यान्वयन गर्न/गराउन तथा राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकायले वातावरणीय अधिकारको प्रबर्धन, वातावरणीय अधिकारसम्बन्धी उजुरी र उपचारको कार्य प्राथमिकताका साथ गर्न ।

(९) काठमाडौं उपत्यकालगायत देशका अन्य शहरहरूमा बढ्दो वायु प्रदूषणका कारण वातावरणीय स्वास्थ्य जोखिममा रहेका नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्दै शहरभित्र पैदलयात्रीको सुरक्षा, साइकल र सार्वजनिक यातायातको प्रवर्धन, सवारी साधनको नियमित चेक जाँच, उद्योग तथा कलकारखानाको प्रभावकारी अनुगमन गरी Polluters Pay Principles को अवलम्बन गर्दै प्रदूषकलाई कानुनबमोजिम कारबाही र पीडितलाई क्षतिपूर्ति प्रदान गर्न स्थानीय तहमा नै क्षतिपूर्तिमा दाबी गर्न सक्ने पहुँचको व्यवस्था गर्न गराउन ।

(१०) वातावरणीय प्रभावले विशेष गरी प्राकृतिक स्रोतसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने तथा आश्रित समुदाय जस्तै– महिला, बालबालिका, आदिवासी, जनजाति र सीमान्तकृत समुदायमाथि पर्ने प्रत्यक्ष प्रभावलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्दै दिगो विकास एजेन्डा २०३० तथा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन गर्दा मानव अधिकारमूखी पद्धतिको अवलम्बन गर्न ।

## विनाशकारी भूकम्पबाट भएको क्षतिको उच्चस्तरीय टोलीबाट अनुगमन



जाजरकोट जिल्लाको बारेकोट गाउँपालिकास्थित रामीडाँडा केन्द्रविन्दु भई २०८० कात्तिक १७ गते राति गएको भूकम्पकपछि अवस्थाबारेमा आयोगले जाजरकोट र रुकुम जिल्लाको अनुगमन गरेको छ ।



अनुगमनको क्रममा ती जिल्लाहरूमा भएको मानवीय तथा भौतिक क्षतिको अवस्थाबारेमा जानकारी लिई तत्कालीन

र दीर्घकालीन रूपमा चाल्नुपर्ने कदमको बारेमा सरकारको ध्यानकर्षण गराएको छ ।

अनुगमनबाट भूकम्पको कारण जाजरकोटमा १०१ र रुकुम पश्चिम जिल्लामा ५३ जनाको ज्यान गएको पाइएको छ । आयोगको प्रादेशिक कार्यालय सुर्खेतबाट मानव अधिकार अधिकृत श्री मानबहादुर कार्की र मानव अधिकार अधिकृत नरेन्द्र खत्रीको टोलीले तत्काल अनुगमन गरेको थियो ।

पछि आयोगका माननीय सदस्यहरू मिहिर ठाकुर, लिली थापाको कर्णाली प्रदेश कार्यालयका प्रमुख श्री लोकनाथ बास्तोला र उपसचिव वीरबहादुर मगरसहितको टोली जाजरकोट र पछि को जाजरकोट र रुकुम पश्चिमका जिल्लाको अवस्था अनुगमनको लागि खटिएको थियो ।

**जातीय छुवाछुत तथा भेदभावविरुद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन**

*कानुनले छुवाछूत मान्दैन, व्यवहारमा पूर्णतः पालना छैन ।*




आयोगको गण्डकी प्रदेश कार्यालयबाट २०८० पुस ६–१२ गतेसम्म तनहुँमा जातीय छुवाछुत तथा भेदभावविरुद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा जिल्लामा दलितहरूको सामाजिक तथा सांस्कृतिक, आर्थिक, राजनीतिक अवस्था, स्थानीय सरकारमा तथा नीति निर्माण तहमा दलितको सहभागिताको अवस्थाबारे जानकारी लिइएको थियो । त्यसै गरी स्थानीय तह तथा प्रहरी कार्यालयमा दर्ता भएका उजुरी, स्थानीय तहमा दलितसम्बन्धी नीति, बजेट तथा कार्यक्रमको अवस्थालगायतका विषयमा केन्द्रित रही आवश्यक सूचना तथा तथ्य सङ्कलन गरिएको थियो ।

अनुमगनको क्रममा टोलीलाई निर्वाचन कानुन र समावेशी सिद्धान्तबमोजिम स्थानीय तहमा दलित समुदायको प्रतिनिधित्व रहेको तर वार्षिक नीति निर्माण तथा कार्यक्रम तर्जुमा गर्दा दलित समुदायको सार्थक सहभागिता हुन नसकेको पाइयो । दलित समुदायमाथि हुने गरेका विभेदका घटनामा स्थानीय समुदाय स्तरबाट मिलापत्र गर्ने गरिएको, स्थानीय तह, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा जातीय छुवाछुत तथा विभेद विरुद्धको कुनै पनि उजुरी, गुनासो तथा निवेदन दर्ता हुन आएको पाइएन । यसको साथै दलित समुदायको न्यायमा पहुँच नरहेको, समुदायका परम्परागत पेसा-व्यवसाय (आरन, बाजा, सिलाइ कटाइ) को संरक्षण संवर्धनको लागि पालिकास्तरबाट आवश्यक पहल नभएको लगायतका तथ्यहरू प्राप्त भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यको आधारमा यस समुदायको मानव अधिकार अवस्था सन्तोषजनक देखिँदैन । कानुनले विभेद नगरेको भए पनि व्यवहारिकतामा अप्रत्यक्ष रूपबाट विभिन्न विभेदको सामना गर्नुपरेको अवस्था छ । संविधानमा मौलिक हकअन्तर्गत भूमिहीन दलितलाई भूमि उपलब्ध गराउने तथा आवासको व्यवस्था गर्ने भनी उल्लेख भए पनि जिल्लामा अझै १२०० जना भूमिहीन दलित समुदाय रहेको देखिन्छ । त्यसै गरी दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीपको प्रयोग, संरक्षण र विकास गर्ने हक उल्लेख भएता पनि सोको कार्यान्वयनका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कानुन, नीति योजना बजेट तथा कार्यक्रमहरूलाई प्राथमिकता दिन नसकेको स्थिति छ । कानुनले सार्वजनिक स्थल, सामाजिक कार्य तथा मठ मन्दिर प्रवेशमा दलित समुदायलाई कुनै पनि अवरोध नगर्ने भने पनि अन्य समुदायहरूले सहज रूपबाट स्वीकार गर्ने वातावरण पूर्णतः देखिँदैन । दुग्घ पदार्थ सङ्कलन तथा वितरणमा समेत अप्रत्यक्ष रूपबाट विभेद गर्ने गरिएको छ । अन्तरजातीय विवाहलाई सहज रूपमा स्वीकार गर्न नसकिएको अवस्था विद्यमान छ । दलित समुदायको सशक्तिकरण तथा विकासमा प्रर्याप्त ध्यान पुऱ्याउन सकेको पाइँदैन । दलित समुदायमाथि हुने गरेका विभेदका घटनामा स्थानीय समुदाय स्तरबाट मिलापत्र गर्ने गरिएको तर दलित समुदायको न्यायिक पहुँचको अभावमा कानुनी प्रक्रियामा लैजान नसकेको देखिन्छ । अतः यस प्रकृतिका



घटनाहरूको न्यूनीकरण र अन्त्यको लागि न्यायमा पहुँच सुनिश्चित गर्नका लागि कानुनको प्रभावकारी कार्यान्वयन, रोजगारी साथै सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने देखिन्छ ।

**जातीय विभेद तथा छुवाछुतविरुद्धको अभियान**

आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजना तथा मानव अधिकार रक्षक सञ्जाल दैलेखको समन्वयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । नारायण नगरपालिकामा २०८० असोज १६ मा सम्पन्न सो कार्यक्रम छुवाछूत तथा जातीय भेदभावविरुद्धको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा केन्द्रित थियो ।

कार्यक्रम दैलेखमा छुवाछूत तथा जातीय भेदभावविरुद्धको अधिकारको अवस्थाका सम्बन्धमासञ्चारकर्मी तथा अधिकारकर्मी अमर सुनारले प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतिमाथि छलफल गर्दै जिल्लामा छुवाछूत तथा जातीय विभेदको अवस्था गम्भीर रहेकाले सबै सरोकारवालाहरू न्यूनीकरण एवम् उन्मूलनका लागि लाग्नुपर्ने सहभागीहरूको भनाइ थियो ।




आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख लोकनाथ बास्तोलाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा जिल्ला समन्वय समिति दैलेखका प्रमुख नमराज शाही प्रमुख अतिथिको रूपमा रहनुभएको थियो । अतिथिहरूमा जिल्ला न्यायाधिवक्ता कर्णबहादुर शाही, महाबु गाउँपालिकाका कार्यबाहक अध्यक्ष मञ्जुकुमारी पाण्डे,



जिल्ला अदालत दैलेखका श्रेष्तेदार बद्रीप्रसाद लामिछाने, निमित्त प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद कोइराला, प्रहरी नायब उपरीक्षक किशोर लम्साललगायत राजनीतिक दलका प्रमुख/प्रतिनिधिहरू हुनुहुन्थ्यो । कार्यक्रममा १६ जना महिला र ४५ जना पुरुष गरी ६१ जनाको सहभागिता रहेको थियो

**बाँदरमुडे र दोरम्बा घटनाका पीडित अझै पनि न्याय प्राप्तिबाट वञ्चित**

रामेछापको दोरम्बामा २०६० साउन ३२ गते तत्कालीन शाही सेनाको टोलीरूले माओवादीका कार्यकर्ताहरूलाई पक्राउ गरी हत्या गरेको थियो । त्यस्तै, चितवनको साबिकको कल्याणपुर गाविसस्थित बाँदरमुडे खोलामा २०६२ जेठ २३ गते तत्कालीन माओवादीको विद्युतीय धरापमा परी बसमा यात्रारत सर्वसाधारण नागरिकहरूको मृत्यु भएको थियो । यी दुवै घटनाको पछिल्लो अवस्थाबारे जानकारी लिई आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउन आयोगको टोली अध्ययन/अनुगमन गरेको थियो । अनुगमनमा आयोगका माननीय सदस्य, डा.सूर्य प्रसाद शर्मा ढुंगेल, माननीय सदस्य मनोज दुवाडी, उपसचिव रमेशकुमार थापा र वाग्मती प्रदेश कार्यालयका सहायक प्रथम लोकनाथ घिमिरसहितको टोलीले २०८०।०८।२९– २०८०।०९।२ गते सम्म अनुगमन सम्पन्न गरेको थियो ।

अनुगमन टोलीमा Nepal Peace Building Initiative का कार्यकारी निर्देशक सुविन्द्र बोगटी र कार्यक्रम अधिकृत समिक्षा भट्टराईसमेतको सहभागिता रहेको थियो । टोलीले अनुगमनको क्रममा घटनाका पीडित, पीडित परिवार स्थानीय तहका जनप्रतिनिधिहरू र स्थानीय व्यक्तिहरूसँग छलफल गरी जानकारी लिएको थियो ।

अनुगमनबाट घटना घटेको १८/२० वर्ष बितिसक्दा पनि घटनामा संलग्न भएका दोषीलाई कानुनी कारबाही नभएको, पीडित र पीडित परिवारकाले राहात एवम् न्यायको अनुभूति गर्न नसकेको पाइएको छ । सङ्क्रमणकालीन न्यायलाई सम्बोधन गर्न बनेको बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ मा भएका कतिपय प्रावधानहरूमा पीडित परिवारको असन्तुष्टि रहेको, देखिन्छ । ऐनमा संशोधन गरी घटनाका दोषीलाई आममाफी नदिने कानुनी व्यवस्था राखिनुपर्ने, बेपत्ता तथा सत्यतथ्य छानबिन आयोगका पदाधिकारी सिफारिस समितिलाई विश्वासनिय बनाइनुपर्ने, विश्वसनीय बनाइनुपर्ने पीडित पक्षको भनाइ छ । निष्पक्ष र सक्षम व्यक्तिलाई आयोगको पादाधिकारीमा सिफारिस गरिनुपर्ने, घटनामा घाइते भएका केही व्यक्तिहरूको घाइतेको नामावलीमा छुट हुन गएकोमा नाम समावेश गरिनुपर्ने, घटनाका अधिकांश पीडित र पीडित परिवारका सदस्यहरूमा मानसिक समस्याबाट प्रभावित भएको अवस्था छ । उनीहरू औषधी सेवन गरिरहेका, मानसिक समस्या भएका पीडित परिवारलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्नुपर्ने उनीहरूको माग छ । नेपाल सरकार र स्थानीय सरकारबाट पीडित केन्द्रित राहात तथा अन्य आयआर्जन र जिविकोर्पाजनका प्रभावकारी कार्यक्रमहरू नभएको साथै उनीहरू लामो समयसम्म न्यायको झिनो आशामा बाँच्नुपरेको देखिन्छ । संसद्मा विचाराधीन विधेयकमा माथिका सवाललाई समेटिनुपर्ने पीडितको भनाइ छ । निष्पक्ष, विश्वसनीय र स्रोतसाधनयुक्त सक्षम आयोग गठन गरी द्वन्द्वकालीन मुद्दालाई सम्बोधन गर्नुपर्नेमा पीडितहरूले जोड दिएका छन् । मानव अधिकार उल्लङ्घनका घटनाहरूमा निष्पक्ष छानबिन गरी पीडितहरूलाई न्यायको अनुभूति दिलाउन र घटनामा संलग्न दोषीलाई कानुनी कारबाही गरी कानुनी शासनको प्रत्याभूति दिलाउनुपर्ने पीडित तथा पीडित परिवारको भनाइ रहेको छ । सो क्रममा आयोगका माननीय सदस्यद्वय ढुंगेल र दुवाडीले सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न नसक्दा मानव अधिकार र मानवीय कानुनको पूर्णतः परिपालना हुन नसकेको उल्लेख गर्दै यस पक्षमा जोड दिनुभएको थियो । यस्ता गम्भीर प्रकृतिका घटनाहरूका सन्दर्भमा सत्यतथ्य सार्वजनिक गरी पीडितले न्याय प्राप्त गर्ने वातावरण निर्माणको लागि आयोगले भूमिका निर्वाह गर्दै आएको उहाँहरूको भनाइ थियो । यस्ता घट्नामा अन्तर्राष्ट्रिय मान्यता र प्रचलनभन्दा बाहिर गएर सरकारले आममाफी दिन नमिल्ने र माफी दिने वा नदिने अधिकार पीडितमा मात्र निहित हुने भएको मर्मलाई आत्मसात गरी सोहीअनुरूप कानुन निर्माणका लागि सरकारलाई आयोगले पटक-पटक आग्रह गरेको उहाँहरूले प्रष्ट पार्नुभयो । पीडित परिवारको भावना बुझ्न र सोहीअनुरूपका कार्य अगाडि बढाउन सरकारलाई पुनः घच्घच्याउन यो अनुगमनको उद्देष्य रहेको उहाँहरूको भनाइ थियो ।

**मानव अधिकार संरक्षण र संवर्धनको लागि समन्वय र सहकार्य**



आयोगको वाग्मती प्रदेश कार्यालयको आयोजनामा २०८० पुस २० गते हेटौंडामा मानव अधिकार संरक्षण र संवर्धनमा सरोकारवालासँगको समन्वय र सहकार्य विषयक छलफल कार्यक्रमको आयोजना गरिएको थियो । मानव अधिकारका विभिन्न क्षेत्रमा क्रियाशिल सङ्घसंस्था तथा नागरिक समाजसँग वाग्मती प्रदेशको मानव अधिकार अवस्था, आयोगको प्रदेश कार्यालयसँगको समन्वय र सहकार्यलगायतका विषयमा छलफल गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो ।

कार्यक्रममा सहभागी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रअन्तर्गतका मानव अधिकारका सवालहरू, ती सवालहरूको सम्बोधन तथा पीडितको न्यायको पहुँचका लागि भएका प्रयासहरू,

उपलब्धि र चुनौतिहरूबारे आफ्ना भनाइहरू राख्नुभएको थियो । छलफलमा महिलालाई उद्यमशील बनाइ आर्थिक शशक्तीकरणमार्फत लैङ्गिक समानता हासिल गर्न सकिने, आमाको नाममा नागरिकता प्राप्तिमा देखिएका कठिनाइसम्बन्धी विषय उठान गरिएका थिए। यसको साथै प्रदेशमा बेरोजगारी, लागु औषध र मदिरा सेवनको कारण परिवार विखण्डन हुँदा अभिभावकविहीन भएका बालबालिकाको जन्मदर्ता गर्न समस्या देखिएकोले उनीहरूको भविष्य जोखिमपूर्ण बन्दै गइरहेको विषयमा पनि चर्चा भएको थियो । किसानका उत्पादनले बजार र उचित मूल्य पाउन नसकेको, पीडितहरूको गोपनीयताको अधिकार सुनिश्चित हुन नसकेको मुद्दामा पनि छलफल भएको थियो । त्यसै गरी यौनिक तथा अल्पसङ्ख्यकहरू नागरिकता प्राप्ति, विवाह र परिवारको अधिकार एवम् शिक्षा, रोजगारी, आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारबाट समेत वञ्चित हुनुपरेको विषय पनि उठाइएको थियो । विद्यालय, अस्पताल लगायतका सार्वजनिस्थलहरूमा निर्माण गरिएका शौचालयहरू लैङ्गिकमैत्री र अपाङ्गमैत्री नभएको सवालमा पनि छलफल भएको थियो । यसअलवा मानसिक समस्यामा वृद्धि भइरहेकोले समाजमा आत्महत्याको सङ्ख्या बढ्दै गइरहेको, न्याय पाउन दलका कार्यकर्ता हुनुपर्ने दुःखद अवस्था रहेको र अधिकारको संरक्षणमा क्रियाशील व्यक्तिहरू सुरक्षित महसुस गर्न नसकेको जस्ता विषयहरू छलफलमा महत्त्वका साथ उठाइएको थियो ।

आयोगका केन्द्रीय कार्यालय समन्वय विभाग प्रमुख सहसचिव सम्झना शर्माको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। शर्माले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै मानव अधिकारको सरंक्षण र संवर्धनमा नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको थियो । उहाँले आयोग स्थापनार्थ नागरिक समाजको भूमिकाको स्मरण गर्दै तत्कालीन अवस्थामा नागरिक तथा राजनीतिक अधिकार लक्षित कार्यहरूमा समन्वय तथा सहकार्य गर्दै आएको र मुलुक शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका मुद्दामा केन्द्रित रहेको जानकारी गराउनुभयो । मानव अधिकार संरक्षण, संवर्धनमा नागरिक समाज तथा विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूको संयुक्त प्रयास तथा ऐक्यबद्धता अहिले पनि उत्तिकै आवश्यक रहेको उहाँको भनाइ थियो ।

आयोगको वाग्मती प्रदेश कार्यालयका निमित्त कार्यालय प्रमुख मानव अधिकार अधिकृत श्री रेवा रेग्मीले सहभागीहरूलाई स्वागत गर्दै मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र परिपूर्तिको सुनिश्चत गर्ने संवैधानिक दायित्व पूरा गर्न आयोग निरन्तर क्रियाशील रही आएको बताउनुभयो । आयोग आगामी दिनमा समेत नागरिक समाजसँग समन्वय र सहकार्य गरी अगाडि बढ्ने उहाँको भनाइ थियो ।

## सरोकारावालासँग मानव अधिकार अवस्था सम्बन्धमा छलफल

आयोगको कोशी प्रदेश शाखा कार्यालय खोटाङको समन्वयमा मिति २०८०/९/५ गते खोटाङ जिल्लाको दिक्तेलमा सरोकारवालासँग मानव अधिकार अवस्था सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ । आयोगको केन्द्रीय कार्यालय समन्वय विभागका सहसचिव सम्झना शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको कोशी प्रदेश शाखा कार्यालयका प्रमुख उपसचिव गीता कुमारी दाहालले उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । साथै सो कार्यक्रम सञ्चालन सोही कार्यालयका नायव सुब्बा भिमसेन थापा मगरले गर्नु भएको थियो ।



कोशी प्रदेश शाखा कार्यालय खोटाङको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा रहेका मानव अधिकारका सवालहरु र ती सवालहरुको सम्बोधनको लागि सरोकारवालाहरुको समन्वयात्मक प्रयासको अवस्था सहित त्यहाँको मानव अधिकार अवस्थाबारे सूचना तथा जानकारी लिने उद्देश्यले खोटाङ जिल्लास्थित मानव

अधिकार क्षेत्रका सरोकारवाला स्थानीय नागरिक समाजका पदाधिकारीहरु तथा अधिकारकर्मीहरुसँग छलफलको आयोजना गरिएको थियो ।

कार्यक्रममा बोल्दै आयोगका सहसचिव श्री सम्झना शर्माले आयोग स्थापनाकालमा राजनीतिक तथा नागरिक अधिकारमा बढी केन्द्रित रहेको र हाल आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारको क्षेत्रमा कार्य गर्न आफ्ना प्राथमिकताहरु निर्धारण गरी अगाडी बढेको बताउनु भयो । आयोगको स्थापना गर्ने कार्य देखि लिएर मानव अधिकार संरक्षण तथा सम्वर्द्धन अभियानमा नागरिक समाजको योगदानको स्मरण गर्दै आगामी दिनहरुमा समेत समन्वय र सहकार्य मार्फत समाजमा मानव अधिकार संस्कृति विकास गर्ने कार्यमा हातेमालो गर्दै अगाडी बढ्न तत्पर रहेको बताउनु भयो । उहाँले यस क्षेत्रको मानव अधिकारका सवालहरुको पहिचानका साथै आयोगसँग समन्वय र सहकार्यलाई सुमधुर एवम् सुदृढ गर्ने उद्देश्यले आयोजित कार्यक्रममा खुलेर मानव अधिकार अवस्था उजागर गर्न साथै आयोगलाई समेत पृष्ठपोषण प्रदान गर्न सहभागीहरुलाई आव्हान गर्नु भएको थियो ।

प्रदेशको नामाकरण तथा पहिचानको मुद्धालाई लिएर यस प्रदेशमा बेला बेलामा विवाद उत्पन्न हुने परिवेशले गर्दा सर्वसाधारणको मानव अधिकार उपभोगको अवस्था संवेदनशील बन्न पुगेको छ ।

जबरजस्ती करणीका घटनाहरु बाहिर आउने गरेको अवस्था भएपनि कतिपय घटनाहरु छानवीनबाट किनारा लाग्न नसकेकोले न्याय प्राप्त हुने विषयमा पीडितहरुको विश्वास कमजोर बन्दै गएको छ, आत्महत्या र सम्बन्ध विच्छेदको घटनाहरु बढ्दो क्रममा रहेको, टोल टोलमा मनोविमर्श सेवाको खाँचो रहेको, सबै स्थानीय तहहरुमा यस विषयमा अभिमुखीकरण हुन नसकेको विषयहरु सहभागीहरुले उठाएका थिए । एकल महिला, अपाङ्गता भएका व्यक्ति लगायतका वर्गहरुको मानव अधिकार उपभोगको अवस्था अझैपनि जटिल रहेको, सामाजिक चेतनाको स्तर र उनीहरुले भोग्नु परेको सामाजिक विभेदको परिवेश र मानव अधिकारको विषयको गम्भिरतालाई कम आँकलन गर्ने सामाजिक परिपाटीले गर्दा उनीहरुको दैनिक जीवनयापन सहज बन्न नसकेको लगायतका विषयहरु उठाइएको थियो । मानव अधिकारको अवस्थाबारे समयसमयमा यस प्रकारको छलफल तथा अन्तरक्रिया गर्न आवश्यक रहेको र यसले निरन्तरता समेत पाउन सकेमा सरोकारवालाहरुविच समन्वय र सहकार्य गर्न मद्दत पुग्ने सुझाव प्राप्त भएको छ ।

## छुवाछूत तथा जातीय भेदभावविरुद्धको रुजुसूचीमा छलफल

राष्ट्रिय मानव अधिकार आयोगले छुवाछूत तथा जातीय भेदभावविरुद्धको संवैधानिक तथा कानुनी अधिकार अनुगमनका लागि तयार पारिएको रुजुसूचीउपर २०८० पुस २९ मा सरोकारवालासँग छलफल गरी सुझाव लिएको छ । कार्यक्रममा रुजुसूचीको लागि राष्ट्रिय दलित आयोग, सङ्घीय सरकारका सरोकारवाला निकाय, स्थानीय तह, नेपाल प्रहरी तथा सरकारी वकीलको कार्यालयसँग जानकारी लिने आदि विषय समेटी आयोगका सामूहिक अधिकार महाशाखा प्रमुख वृद्धनारायण साहनीले प्रस्तुति राख्नुभएको थियो । प्रस्तुतिमाथि छलफलको लागि सहभागीलाई चार समूहमा विभाजन गरिएको थियो । प्रत्येक समूहबाट एक-एक जनाले निष्कर्ष राख्नुभएको भएको थियो । कार्यक्रमका अध्यक्ष आयोगमा माननीय सदस्य मनोज दुवाडीले सुझावसहितको परिमार्जित रुजुसूचीले आयोग, राष्ट्रिय दलित आयोग र सरोकारवालालाई छुवाछूत तथा जातीय भेदभावविरुद्धको संवैधानिक तथा कानुनी अधिकार सम्बन्धमा अनुगमन गर्न महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय दलित आयोगका माननीय अध्यक्ष देवराज विश्वकर्मा, गृह, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल प्रहरी र आयोगका विभागीय प्रमुख, महाशाखा प्रमुख तथा अधिकारकर्मीहरू सहित ४३ जनाको सहभागिता रहेको थियो ।

## निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयनसम्बन्धी अनुगमन रूजुसूचीमाथि छलफल

मानव अधिकार आयोगले आधारभूत तहको अनिवार्य र निःशुल्क शिक्षा कार्यान्वयन अवस्थासम्बन्धी अनुगमन लागि रुजुसूची तयार गरेको छ । सरोकारवालासँगको छलफलबाट सुझाव सङ्कलन गरी अनुगमन रुजुसूचीलाई थप प्रभावकारी बनाउने उद्देश्यले २०८०/०९/२५ गते ललितपुरमा कार्यक्रमको आयोजना गरिएको थियो ।

आयोगका सहसचिव नवराज सापकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका उपसचिव बुद्ध नारायण सहनी केवटले कार्यपत्र प्रस्तुतिको साथै समूहकार्य गराउनु भएको थियो । मानव अधिकार अधिकृत कुमारीशरणा उराावले कार्यक्रम सञ्चालन गर्नुभएको सो कार्यक्रममा काठमाडौं र ललितपुर नगरपालिकाका शिक्षा विभागको शिक्षा प्रमुख र प्याब्सनका अध्यक्षले सुझावसहित आफ्नो भनाइ राख्नु भएको थियो । चार समूहमा विभाजित सहभागीहरूले विद्यालयका प्रधनाध्यापक, शिक्षक/शिक्षिका, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायसँग लिनुपर्ने जानकारीबारे छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुभएको थियो ।



कार्यक्रममा प्याब्सन नेपाल र सिविनका अध्यक्ष, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षक सेवा आयोग, काठमाडौं र ललितपुर महानगरपालिकाका प्रतिनिधिको सहभागिता रहेको थियो । शिक्षाको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी निकायका प्रतिनिधि साथै आयोगका कर्मचारीहरूको पनि सो कार्यक्रममा उपस्थिति रहेको थियो ।

## हिरासत अनुगमन र मानव अधिकार अवस्थाबारे छलफल

आयोगको कोशी प्रदेश कार्यालयबाट खटिएको टोलीले २०८० साउन ५ गते इनरुवा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय इनरुवाको हिरासत अनुगमन गरेको छ। सो टोलीले भोक्राहा नरसिंह गाउँ पालिकाको कार्यालयमा मानव अधिकारका सवाल र नागरिकका उजुरीका सम्बन्धमा छलफल आयोजना गरेको थियो। इनरुवा नगरपालिकाको उप-प्रमुख बिनिताकुमारी महतोले न्यायिक समितिले आ.ब. २०७९/०८० मा ८८ वटा उजुरी दार्ता भएको मा ५४ वटामा मिलापत्र भएको र २०८०/०८१ मा सरी आएका जम्मा ३४ वटा उजुरी पछ्यौंट गर्न बाँकी रहेको जानकारी गराउनुभएको थियो ।

अनुगमनको क्रममा प्रहरीले प्रकाउ गरिएका व्यक्तिलाई कानुनबमोजिम स्वास्थ्य परीक्षण गरी पक्राउ पुर्जी दिई थुनामा राख्ने गरिएको पाइएको छ। जिल्ला प्रहरी कार्यालय सुनसरीको हिरासतमा रहेका दुई जनाले आफूहरूलाई पक्राउपूर्जी नदिएको भने पनि फायल हेर्दा पूर्जी दिएको पाइएको थियो । टोलीमा आयोगको प्रदेश कार्यालयका प्रमुख उपसचिव पवनकुमार भट्ट र मानव अधिकार अधिकृत चिरञ्जीवी कोइराला रहनुभएको थियो ।

## सञ्चारकर्मीलाई प्रहरीले पक्राउ गरी नियन्त्रणमा लिएको विषयमा आयोगको अनुगमन

समाचार लेखेकै आधारमा कञ्चनपुर जिल्लामा दुई जना पत्रकार पक्राउ गरेको विषयमा नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समितिको मौखिक जानकारी तथा आयोगको मिडिया अनुगमनको आधारमा आयोगबाट मिति २०८० माघ २८ गते राष्ट्रिय मानव अधिकार आयोगले स्थलगतरुपमा अनुगमन गरेका छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको विरुद्धमा विभिन्न समयमा विभिन्न स्थानीय सञ्चार माध्यममा समाचार प्रकाशित भएपछि कञ्चनपुर जिल्लामा माउन्टेन टेलिभिजनमा कार्यरत पुष्कर भट्ट र सगरमाथा टिभिमा कार्यरत ऐवर्श्य कुँवरलाई प्रहरीले मिति २०८० माघ २७ गते पक्राउ गरी नियन्त्रणमा लिएको थियो। यस सम्बन्धमा विभिन्न पत्रकारहरु संगठनहरुले प्रेस विज्ञप्ती जारी गरी विरोध जनाएका थिए । समाचार लेखेकै आधारमा नियन्त्रणमा लिई अनुसन्धान गर्नु भन्दा समाचारको विषयमा विमति भएमा प्रेस काउन्सिल लगायतमा उजुरी गर्न सक्ने व्यवस्था हुँदा हुँदै प्रहरीले ज्याजति गरेको भनी आयोगमा मौखिक जानकारी तथा विभिन्न सञ्चार माध्यममा समाचार पश्चात आयोगको ध्यानाकर्षण भएको थियो । यस सम्बन्धमा आयोगको टोलीले स्थलगत अनुगमन गरी सम्बन्धित निकाय र पीडितहरुसँग जानकारी लिएको छ ।

अनुगमनको क्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख, जिल्ला सरकारी वकिलको कार्यालयका मुख्य न्यायधिवक्ता, नेपाल पत्रकार महासंघ जिल्ला अध्यक्ष, नेपाल पत्रकार महासंघ सुदुरपश्चिम प्रदेश समितिका अध्यक्ष, महासचिवसँग छलफल गर्नुका साथै पक्राउ परेका पत्रकारद्वय पुष्कर भट्ट र ऐवर्श्य कुँवरसँग भेट गरी जानकारी लिएको थियो। अनुगमनको क्रममा प्राप्त तथ्य, पक्राउ परेका व्यक्तिको (सामाजिक संजाल) फेसबुकमा गरेका पोष्टहरुको अध्ययन गर्दा समाचार लेखेकै कारणमा पक्राउ गरिएको हो भन्न नसकिने टोलीको प्रारम्भिक अनुगमनबाट देखिएको छ । उल्लेखित मुद्धा जिल्ला अदालत कञ्चनपुरको आदेशमा प्रहरीलाई अनुसन्धानको लागि ७ दिनको म्याद थप समेत भएको र अनुसन्धानको क्रममा रहेको देखिन्छ । निजहरुलाई पक्राउ गर्नुको र मुद्धाको अनुसन्धानको प्रकृयामा लैजानुको मुख्य कारण सामाजिक सञ्जालको दुरुपयोग प्रमुख रुपमा रहेको टोलीको निष्कर्ष छ ।

## ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस




राष्ट्रिय मानव अधिकार आयोगले ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालकको प्रमुख अतिथ्यतामा मिति २०८०/०८/२४ गते आयोग परिसर, हरिहर भवनमा औपचारिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रधानमन्त्री दाहालले लोकतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेको संघर्षको परिणामस्वरूप जननिर्वाचित प्रतिनिधिहरू रहेको संविधानसभाले लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गरेको बताउनुभयो ।



नेपालको संविधानले समावेशी लोकतन्त्रको अवलम्बन गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा पछाडि पारिएका र वञ्चितिकरणमा परेका उत्पीडित, अल्पसंख्यक र सीमान्तकृत समुदायको अस्तित्वको पहिचान, स्वतन्त्रता, समानता र न्यायको प्रत्याभूतिका लागि समानुपातिक प्रतिनिधित्व र सकारात्मक विभेदको नीतिलाई आत्मसात गरेको भनाई राख्नुभयो। राजनीतिक अधिकारको सन्दर्भमा समावेशी प्रतिनिधित्वको नीति सकारात्मक देखिए पनि अर्थपूर्ण सहभागिताको विषय अझै पनि चुनौतीपूर्ण रहेको उहाँले बताउनु भयो । त्यसैगरी द्वन्द्वकालमा घटेका मानव अधिकार उलङ्घनका घटनाको छानविन गर्न गठित सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको कामलाई संक्रमणकालिन न्यायका मान्य सिद्धान्तअनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि विद्यमान कानुनमा परिमार्जन र संशोधन गर्न संघीय संसदमा विधेयक पेश गरिएको स्मरण गराउनु भयो ।




सबैका लागि स्वतन्त्रता, समानता र न्यायको सुनिश्चितता

गर्न मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपालना गर्ने नेपाल सरकारको प्रतिबद्धता रहेको बताउनु भएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै आयोगका माननीय अध्यक्ष तप बहादुर मगरले मानव अधिकारको संरक्षण र सम्वर्द्धन नै लोकतान्त्रिक शासन पद्धति र विधिको शासनको आधारस्तम्भ रहेको बताउनु भयो । आयोगले स्थापनाकालदेखि हालसम्म मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा आफ्नो जिम्मेवारी वहन गर्दै आएको र विगत सत्र वर्षदेखि पूरा हुन नसकेको संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सरकारले पटक पटक प्रतिबद्धता जाहेर गरे पनि सत्य निरूपण तथा मेल मिलाप आयोग ऐनलाई संसोधन गर्न बनेको विधेयक संसदमा विचाराधीन रहेको स्मरण गराउनु भयो । राजनीतिक सहमतिको नाममा ढिलाई भएको कार्यले अपेक्षित परिणाम हासिल हुन नसकेको पनि उहाँले बताउनु भयो । संयन्त्रहरूलाई अधिकार सम्पन्न बनाउने कार्यमा अन्तर्राष्ट्रिय मूल्य मान्यता, सर्वोच्च अदालतको आदेश र आयोगको सिफारिस बमोजिम ऐन संशोधन गरी विश्वसनीय संक्रमणकालीन संयन्त्रहरू गठन मार्फत प्रभावकारी कार्यसम्पादनबाट टुङ्गोमा पुर्‍याउनुपर्ने देखिएको वताउनु भयो । आयोगले नेपाल सरकार समक्ष गरेका सिफारिसहरुको कार्यान्वयन अवस्था उत्साहजनक नभएको र सिफारिसहरुको कार्यान्वयन गर्ने सन्दर्भमा गतवर्षदेखि नेपाल सरकारबाट सिफारिस कार्यान्वयन गर्न समितिको गठन गरिएको भएपनि कार्यान्वयन अवस्थाले गति लिन नसकेको बताउनु भयो ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ नेपालका अध्यक्ष रामप्रसाद सुवेदी, मानव १५औं मानव अधिकार राष्ट्रिय महाभेलाका संयोजक, दिपक सोनी, UN Resident Coordinator Hanaa Singer ले शुभकामना मन्तव्य राख्नुभएको थियो । आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा माननीय सदस्य लिलि थापाले स्वागत मन्तव्य राख्नुभएको थियो । सो अवसरमा आयोगले दयाराम परियार स्मृति सम्मान २०८० वाट प्रकाश बहादुर सिंह र भवानी कुमारी कोईरालालाई सम्मान गरेको छ । उक्त कार्यक्रममा नेपाल सरकारका मन्त्रीहरु, आयोगका माननीय सदस्यहरु तथा संवैधानिक निकायका प्रमुख एवं सदस्यहरु, न्यायाधीशहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु, आयोगका सचिव, महामहिम राजदुत तथा कुटनीतिक निकायका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुखहरु, सर्वोच्च अदालतका मूख्य रजिष्ट्रार, विभिन्न राजनीतिक दलका नेतागण, आयोगका पूर्व सदस्यहरु, नागरिक समाज, मानव अधिकारकर्मीहरु, आयोगका कर्मचारीहरु, सञ्चारकर्मीहरु लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।

**७५औ अन्तराष्ट्रिय मानव अधिकार दिवस**

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले ७५औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा पोखरामा विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ । दिवसलाई विगत वर्षहरूमा झैं सभ्य र भव्यरूपमा उत्सवको रूपमा सम्पन्न गर्नको लागि सरोकारवाला निकायहरूबीच तयारी बैठक गरेको थियो । आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी र इन्सेकको संयुक्त आयोजनामा गण्डकी प्रदेशमा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थासम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतको अध्यक्षता र गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता र विषयगत मन्त्रीहरूको विशेष आतिथ्यतामा सो कार्यक्रम भएको थियो । गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका कानुन सचिव शम्भु रेग्मी र कार्यालयका नि.प्रमुख खिमलाल सुवेदीले गण्डकी प्रदेशमा पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाका सम्बन्धमा कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । प्रस्तुतिमाथि कार्यक्रमका सहभागीहरूबाट विषयमा केन्द्रित रहेर आआफ्नो धारणा र जिज्ञासाहरू राख्नुभएको थियो । कार्यक्रममा १४० जनाको सहभागिता रहेको थियो ।
दिवसकै अवसरमा राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश सरकार र गण्डकी प्रदेश मानव अधिकार महाभेलाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । मङ्सिर २२ गते मानव अधिकार चोक, चिप्लेढुङ्गा, पोखरामा मानव अधिकार दिवस कार्यक्रमको उद्घाटन तथा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमा सरकारी तथा सुरक्षा निकाय, गैरसरकारी संस्था, नागरिक

समाजका प्रमुख/प्रतिनिधि, मानव अधिकारकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो । त्यसै गरी आयोगको गण्डकी प्रदेश कार्यालय, पोखरा र १२ वटा सङ्घसंस्थाहरूको संयुक्त आयोजनामा २३ गते मानव अधिकार रक्षक र उनीहरूको अधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो ।




आयोगको गण्डकी प्रदेश कार्यालय, पोखरा, गण्डकी प्रदेश सरकार र गण्डकी प्रदेश मानव अधिकार महाभेलाको संयुक्त आयोजनामा २४ गते विभिन्न सरकारी तथा सुरक्षा निकाय, गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मीलगायतको उपस्थितिमा प्रभातफेरि कार्यक्रम सम्पन्न भएको थियो । मानव अधिकार चोक, चिप्लेढुङ्गाबाट बिहान ७:३० बजे भएको सुरु भएको सो कार्यक्रम पोखरा सभागृहमा पुगेर शुभकामना आदानप्रदान गरी समापन भएको थियो । कार्यक्रमको अध्यक्षता आयोगको प्रदेश कार्यालयका नि.प्रमुख खिमलाल सुवेदी र प्रमुख आतिथ्यता गण्डकी प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले गर्नुभएको थियो । सोही दिन साँझ ५.०० बजे राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समितिको संयोजनमा विभिन्न गैरसरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मीलगायतको उपस्थितिमा मानव अधिकार चोक, चिप्लेढुङ्गा, पोखरामा दीप-प्रज्वलन गरिएको थियो ।

गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सरकारका प्रमुख सचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नागरिक सङ्घसंस्थालगायत सरोकारवालाको उपस्थितिमा सम्पन्न यी विविध कार्यक्रममार्फत नागरिकले भोगिरहेका समस्या र चुनौतीहरूको उजागर भएका थिए । सहभागीहरूले सुशासन र सेवा प्रवाहमा सुधार ल्याइ आगामी दिनमा नागरिकको मानव अधिकारको सम्मान, संरक्षण र कार्यान्वयनप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।



यसले प्रदेश सरकार तथा स्थानीय तहलाई मानव अधिकारप्रति थप जिम्मेवार र उत्तरदायी बन्न थप सहयोग पुग्न जाने देखिन्छ ।




७५औं अन्तराष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा आयोजित रक्तदान कार्यक्रम

## ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस

सुर्खेतस्थित वीरेन्द्रनगरमा २०८० मङ्सिर २४ गते ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भव्यताका साथ सम्पन्न भएको छ । प्रदेश कार्यालयका प्रमुख लोकनाथ बास्तोलाको अध्यक्षता तथा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनीमन्त्री माननीय कृष्णबहादुर जिसिको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा जलश्रोत तथा उर्जा विकास मन्त्री माननीय उर्मिला विश्वकर्मा र आयोगका सदस्य माननीय मिहिर ठाकुरको विशेष आतिथ्यमा रहेको थियो । सुर्खेतका प्रजिअ श्री नारायणप्रसाद सापकोटा र कर्णाली प्रदेश प्रहरी प्रमुख श्री भीम ढकाल अतिथिको रूपमा रहनुभएको थियो ।
सो कार्यक्रमको आयोजना आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेत र कर्णाली प्रदेशमा मानव अधिकारको क्षेत्रमा कार्यरत इन्सेक, गैरसरकारी संस्था महासङ्घ, वार्म, रिकभरिङ नेपाल, एड्भोकेसी फोरम, मानव अधिकारका लागि एकल महिला समुह, किडार्क, सुन्दर नेपाल,

नवकिरण प्लस, मानव अधिकार एलायन्स, सहकर्मीसमाजसहित ११ वटा सङ्घसंस्थाको समन्वय तथा सहकार्यमा सुर्खेतको विरेन्द्रनगरमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा अतिथि एवम् सहभागीहरूले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

### अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा विविध कार्यक्रम

आयोग प्रदेश कार्यालय विराटनगरले ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । जसमा २०८०/०८/२० गते विराट बहिरा माध्यमिक विद्यालय विराटनगरका कक्षा ११ र १२ का विद्यार्थी र शिक्षकहरूलाई मानव अधिकार तालिम दिइएको थियो । सहभागीहरूलाई बाल अधिकार महिला अधिकार तथा लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियानको बारेमा पनि जानकारी गराइएको थियो । कार्यक्रमा ७२ जना (छात्रा, ३५ छात्र ३० शिक्षक सात) को उपस्थिति रहेको थियो ।




सत्यनारायण मावि विराटनगरका कक्षा ११ र १२ का कानुन सङ्कायका विद्यार्थीलाई २०८०/०८/२१ मा मानव अधिकार, बाल अधिकार महिला अधिकार, लैङ्गिक हिंसासम्बन्धी १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस/१० डिसेम्बरको बारेमा प्रशिक्षण दिएको थियो । कार्यक्रममा (दुई शिक्षक, ४३ छात्रा र ४० छात्र) जम्मा ८५ जनाको सहभागिता रहेको थियो ।



यसै गरी सोही प्रकृतिको कार्यक्रम २०८०/०८/२१ मा हिमालय दर्शन कलेज विराटनगरमा अध्यनरत व्यवस्थापन र इन्जिनियरिङ सङ्कायमा अध्ययनरत विद्यार्थीलाई मध्यनजर राखी आयोजना गरिएको थियो । कार्यक्रमा शिक्षक र विद्यार्थी गरी १२० जानाको उपस्थिति रहेको थियो ।



त्यसै गरी २०८०/०८/२२ मा पोखरीया मावि विराटनगरमा पनि यसै प्रकृतिका कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा मानव अधिकार, महिला हिंसा, बाल अधिकार लैडिक हिंसासम्बन्धी १६ दिने अभियान र अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मानव अधिकार कानुनबारे जानकारी गराइएको थियो । यसको साथै शिक्षक र विद्यार्थीहरूको कर्तव्यको बारेमा पनि प्रकाश पारिएको थियो । सो कार्यक्रममा कर्मचारी, शिक्षक र विद्यार्थीसहित ६० जनाको उपस्थिति रहेको थियो ।



अलफलाह पब्लिक माध्यमिक विद्यालय, कोशी गाउँपालिका ५ सुनसरीका विद्यार्थी, शिक्षकलाई लक्षित गरी २०८०/०८/२३ गते अन्तर्किया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मानव अधिकार, बाल अधिकार महिला हिसा, लैगिक हिंसासम्बन्धी १६ दिने अभियान र अर्न्तराष्ट्रिय मानव अधिकार दिवस, शिक्षक र विद्यार्थीको अधिकार तथा कर्तव्यको बारेमा छलफल गरिएको थियो । कार्यक्रममा १९ शिक्षक, ५६ छात्रा र ८० जना छात्र गरी जम्मा १५५ जनाको उपस्थिति रहेको थियो ।





**शिक्षक र विद्यार्थीको अधिकार र कर्तव्य विषयक छलफल/अन्तर्किया**

आयोगको कोशी प्रदेश कार्यालयको आयोजनामा अन्तर्राष्ट्रिय मानव दिवस र १६ दिने लैङ्गिक हिंसाविरुद्धको अवसर पारी २०८० मङ्सिर २३ मा शिक्षक र विद्यार्थीको अधिकार र कर्तव्य विषयक छलफल/अर्न्तकिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मदर्सा दारुल होदा अल सलमिया माध्यमिक विद्यालयका १६ शिक्षक, ९० छात्रा र १२० छात्र गरी २२६ जनाको सहभागिता रहेको थियो ।



आयोगको प्रदेश कार्यालयको आयोजनामा विराटनगरमा भविष्यमा मानव अधिकार संस्कृतिलाई एकीकृत र दिगो बनाउँदै लैजाऊँ भन्ने नाराका साथ मिति २०८०/०८/२४ मा ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सम्पन्न भएको छ ।



आयोग कोशी प्रदेश कार्यालयका प्रमुख पवनकुमार भट्टको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रमुख सचिव डा. दिपक काफ्ले र विशिष्ट अतिथिको रूपमा जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादव रहनुभएको थियो । कार्यक्रममा कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास मन्त्रालय , स्वास्थ्य मन्त्रालय , भौतिक पुर्वाधार विकास मन्त्रालय, खानेपानी, सिचाइँ तथा उर्जा मन्त्रालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । त्यसै गरी जिल्लास्थित सरकारी, सुरक्षा निकाय, अधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाज, सञ्चार जगतलगायतका क्षेत्रबाट कार्यक्रममा सहभागिता रहेको थियो ।



आयोगको खोटाङ प्रदेश शाखा कार्यालयले १९ वटा संस्थाहरूसँगको संयुक्त आयोजनामा २०८० मङ्सिर २४ गते ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ । कार्यक्रममा आयोगको तर्फबाट आयोगको कार्यालय प्रमुख गीताकुमारी दाहालले मानव अधिकार र वर्तमान अवस्था सम्बन्धमा कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । त्यसै गरी जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विनु कार्कीले आव २०७८/०७९ र आ.ब २०८०/०८१ को मङ्सिर १५ सम्ममा कामकारबाही समेटी प्रस्तुति राख्नुभएको थियो । प्रस्तुतिमा विशेषतः आत्महत्या, जर्बजस्ती करणी, करणी उद्योग, बहुविवाह, बालविवाह, घरेलु हिंसालगायतका घटनाहरूको विवरण साथै लैङ्गिक हिंसा न्यूनीकरणमा देखिएका चुनौतीसहित सुझावहरू समेटिएको थियो । गैरसरकारी संस्था महासङ्घका तर्फबाट युवराज रिजालले जिल्ला र पालिकाको वर्तमान मानव अधिकार अवस्थाबारे चर्चा गर्नुभएको थियो । सरोकारवाला निकायहरूको भूमिकाको सम्बन्धमा कार्यबहाक नगरप्रमुखमार्फत जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईलाई ज्ञापनपत्र पनि बुझाइएको थियो ।

यसै गरी आयोगको आयोजना र जिल्ला प्रहरी कार्यालय खोटाङ, अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक र महिला मानव अधिकार रक्षक सञ्जालसँगको सहकार्यमा ग लैङ्गिक हिंसा विरुद्धको अभियान र मानव अधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकास्थित विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । संविधान सभा सदस्य दुर्गाजयन्ती राई प्रमुख अतिथि रहनुभएको सो कार्यक्रमको अध्यक्षता आयोगको कोशी प्रदेश शाखा कार्यालय खोटाङका प्रमुख गीताकुमारी दाहाल र सभा सञ्चालन दिक्तेल रूपाकोट मझुवागढी नपाकी इरन राईले सञ्चालन गर्नुभएको थियो ।

आयोगको मधेश प्रदेश कार्यालय जनकपुरले ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकारको दिवसको अवसरमा २०८० मङ्सिर २४ मा एक दिवसीय कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा प्रमुख अतिथि तथा अतिथिहरूले शुभकामना मन्तव्य राख्दै मानव अधिकार संरक्षणमा आफ्नो प्रतिबद्धता जाहेर गनुभएको थियो । कार्यक्रममा प्रदेश सरकार, राजनीतिक दल, मधेसी आयोग, सरकारी निकाय, सुरक्षा निकाय, नागरिक समाज, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, कानुनव्यवसायी, सञ्चारकर्मीको उपस्थिति रहेको थियो । मधेश प्रदेशका माननीय सभामुख रामचन्द्र मण्डल प्रमुख अतिथि रहनुभएको सो कार्यक्रममा मधेसी आयोगका माननीय अध्यक्ष डा.विजय दत्त, मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुर, जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किशोरी शाह, जिल्ला समन्वय समितिको कार्यालय धनुषाका राजनन्दन मण्डल, धनुषाका प्रजिअ चक्रपाणि पाण्डे सहभागी हुनुहन्थ्यो । त्यसै गरी जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एस.पी. मित्रवन्धु शर्मा, जिल्ला प्रशासन कार्यालय महोत्तरी जलेश्वरका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यैपाने, जिल्ला प्रहरी कार्यालय महोत्तरी जलेश्वरका प्रहरी प्रमुख एस.पी.प्रकाश मल्ल, राष्ट्रिय अनुसन्धान मधेस प्रदेश जनकपुरधामका निर्देशक सञ्जयकुमार यादवको पनि उपस्थिति रहेको थियो । आयोग मधेस प्रदेश कार्यालयका कार्यालय प्रमुख मन्जु खतिवडाको अध्यक्षता र मानव अधिकार अधिकृत रेखा दत्तले कार्यक्रम सञ्चालन गर्नुभएको सो कार्यक्रमा ८०जनाको सहभागिता थियो ।

**७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस**

आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय नेपालगञ्जले २०८० मङ्सिर १४ गते ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाएको छ । कार्यक्रममा बाँकेका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, न्यायधीश, उच्च र जिल्ला बारका पदाधिकारी र सञ्चारकर्मीहरूको

साथै विभिन्न क्षेत्रमा क्रियाशील अधिकारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा वक्ताहरूले दिवसको अवसरमा शुभकामना व्यक्त गर्नुका साथै मानव अधिकारमैत्री वातावरण निर्माणमा सबैले आआफ्नो ठाउँबाट योगदान गर्नुपर्नेमा जोड दिनुभएको थियो । आयोगको नेपालगञ्ज कार्यालयका निमित्त कार्यालय प्रमुख द्वारिकाकुमारी अधिकारीले अध्यक्षता गर्नुभएको सो कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्ट प्रमुख अतिथि र उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासका माननीय न्यायाधीश टंकप्रसाद गुरुङ विशिष्ट अतिथि रहनुभएको थियो ।

**स्रोत-पुस्तिका निर्माण सम्बन्धमा परामर्श बैठक**

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा २०८०/०४/२४ मा स्थानीय तहहरूका लागि मानव अधिकारमुखी पद्धतिसम्बन्धी स्रोत-पुस्तिका निर्माण सम्बन्धमा पूर्वपरामर्श बैठक सम्पन्न भएको छ ।

आयोगका माननीय कार्यबाहक अध्यक्ष डा. सुर्य ढुङ्गेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा आयोगका कामु सचिव श्री मुरारिप्रसाद खरेलले कार्यक्रमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्दै मानव अधिकारमुखी विकास पद्धतिको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रमको सहजीकरण डा. कुन्दन अर्याल र मधु दवाडीले गर्नुभएको थियो । कार्यक्रममा सुर्खेत जिल्लास्थित वीरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख मोहनमाया ढकाल, गुर्भाकोट नगरपालिकाका नगरप्रमुख हस्तबहादुर पुन, लेकवेशी नगरपालिकाका नगरप्रमुख उमेश पौडेलले सहभागिता जनाउनु भएको थियो । त्यसै गरी सिम्ता गाउँपालिकाका अध्यक्ष ऐनबहादुर चन्द, बराहाताल गाउँपालिकाका कावा अध्यक्ष लक्ष्मी पुन मगर र दैलेख जिल्लास्थित गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर वि.सी, विभिन्न सङ्घसंस्थाहरूका प्रमुख तथा प्रतिनिधिहरू, आयोगको कर्णाली प्रदेशका कर्मचारीहरूसमेत गरी ४० जनाको उपस्थिति रहेको थियो ।

**सिफारिसहरूको कार्यान्वयन कार्ययोजना कार्यान्वयन अवस्थासम्बन्धी छलफल कार्यक्रम**

*कार्ययोजनाबमोजिमका कार्यहरूको कार्यान्वयनमा सबै आआफ्नो ठाउँबाट लाग्नुपर्ने सहभागीहरूको जोड*

आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजना र जिल्ला समन्वय समिति रुकुम पश्चिमको समन्वयमा २०८० भदौ २२ गते मुसिकोटमा छलफल कार्यक्रम सम्पन्न भएको छ। छलफल नेपाल सरकारको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिसहरूको कार्यान्वयन कार्ययोजना २०७७-२०८२ को सम्बन्धमा केन्द्रित थियो । जिल्ला समन्वय समिति रुकुम पश्चिमका कावा प्रमुख देवबहादुर विश्वकर्माको अध्यक्षतामा कार्यक्रम सम्पन्न सो कार्यक्रममा विषयवस्तुको बारेमा आयोगका कर्णाली प्रदेश कार्यालयका प्रमुख श्री लोकनाथ बास्तोलाले प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा जिल्लाका आठबिसकोट नगरपालिकाका प्रमुख रवि के.सी., चौरजहारी नगरपालिकाका प्रमुख पुष्प वादी, त्रिवेणी गाउपालिकाका अध्यक्ष गणेशकुमार के.सी., प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्त, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, नागरिक समाजका प्रमुख तथा प्रतिनिधिसहित ४० जनाको सहभागिता रहेको थियो । आयोगका मानव अधिकार अधिकृत श्री नरेन्द्र खत्रीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । कार्ययोजनाबमोजिमका कार्यहरूको कार्यान्वयनमा सबै आआफ्नो ठाउँबाट लाग्नुपर्ने सहभागीहरूको जोड थियो ।

कार्यक्रमकै सन्दर्भमा कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समिति रुकुम पश्चिमको दोस्रो बैठक पनि बसेको थियो ।

**एचआइभी सङ्क्रमितहरूको संरक्षणार्थ निर्मित कानुन तथा नीतिहरूको पुनरावलोकन परामर्श**

*एचआइभी सङ्क्रमितहरूको सम्बन्धमा भएका विभेदकारी कानुन तथा नीतिहरू संशोधन गरी एचआइभी सङ्क्रमितहरूको अधिकार संरक्षण गर्नुपर्ने*



आयोगको कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा २०८० असोज १२ गते सुर्खेतमा एचआइभी सङ्क्रमितहरूको सम्बन्धमा भएका कानुन तथा नीतीहरूको पुनरावलोकनसम्बन्धी परामर्श कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा विषयवस्तुमा आधारित प्रस्तुति र त्यसमाथि छलफलसमेत भएको थियो । छलफलका सहभागीहरूले एचआइभी सङ्क्रमितहरूको सम्बन्धमा भएका विभेदकारी कानुन तथा नीतिहरू संशोधन गरी एचआइभी सङ्क्रमितहरूको अधिकार संरक्षण गर्नुपर्ने सुझाव दिनुभएको थियो ।

कार्यक्रम कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय कृष्णबहादुर जिसीको प्रमुख आतिथ्यता र आयोगका माननीय सदस्य मनोज दुवाडीको

अध्यक्षतामा सम्पन्न भएको थियो । कर्णाली प्रदेश सभाका माननीय सदस्य श्री जानकी सिंह, NCASC का निर्देशक डा. सञ्जय ठाकुर, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू गरी ६० जनाले कार्यक्रममा सहभागिता जनाउनु भएको थियो ।

चालु आ.व. २०८०।०८१ मा प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट

**अर्धबार्षिकरुपमा सम्पादन गरिएका गतिविधिहरुको विवरण**

| कार्यालय | दर्ता उजुरी | अनुसन्धान | अनुगमन | संवर्धनात्मक कार्यक्रम | अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा सहभागि | श्रोत व्यक्ति | निर्णयको लागि केका पठाएको उजु | परामर्श प्रदान | आन्तरिक बैठक | विशिष्ट व्यक्तिको भ्र | अन्य संस्थासँगको सह | सञ्चारमाध्यममा | आन्तरिक तथा बाह्य तालिममा सहभागिता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश कार्यालय, विराटनगर | १ | ३२ | १० | १२ | १२ | ४ | | ५२ | | | | | १ | |
| कोशी प्रदेश शाखा कार्यालय, खोटाङ | | | ८ | ५ | | १ | १ | | | १ | | | | |
| मधेश प्रदेश कार्यालय, जनकपुर | ४ | २४ | ६ | | २५ | १ | | २८ | | | | | | |
| वाग्मती प्रदेश कार्यालय, हेटौंडा | १६ | २२ | ५ | १ | २९ | १० | २५ | | १ | | | | | |
| गण्डकी प्रदेश कार्यालय, पोखरा | ३ | १० | २ | १ | ५७ | ९ | ६ | | १ | | | | २ | |
| लुम्विनी प्रदेश कार्याल, वुटवल | ७ | ६ | ४ | ९ | ११ | ३ | ५ | २४ | ४ | | | | | |
| लुम्विनी प्रदेश शाखा, नेपालगञ्ज | ३ | ११ | १० | ५ | २१ | १० | ३४ | ४ | ६ | | ३ | १ | | |
| कर्णाली प्रदेश कार्यालय, सुर्खेत | ४ | १४ | ८ | ५ | १८ | ११ | २४ | १ | | २ | | | १ | |
| सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी | | | ५ | ७ | १९ | ३ | १ | २ | | | | | १ | |
| जम्मा | **३८** | **११९** | **५८** | **४५** | **१९२** | **५२** | **९६** | **१११** | **१२** | **३** | **३** | **१** | **४** | |

स्रँतः प्रशेश समन्वय महाशाखा

## प्रेस विज्ञप्ति/प्रेस नोट

| | विज्ञप्तिको शीर्षक | मिति | |
|---|---|---|---|
| १ | रोम विधान अनुमोदन गर्न आयोगको आग्रह | प्रेसविज्ञप्ति- १ साउन, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| २ | आप्रवासी कामदारहरुको प्रस्थान अनुमतिमा लगाईएको रोकप्रति आयोगको गम्भीर ध्यानकर्षण | प्रेसविज्ञप्ति- ३ साउन, २०८० | आप्रवासी कामदारहरुको अधिकार |
| ३ | न्यायलयहरुमा समयमै न्यायाधीश नियुक्ति गर्न आग्रह | प्रेसविज्ञप्ति- १५ साउन, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ४ | चिया बगानमा कार्यरत श्रमिकहरुको अधिकार सुनिश्चित गर्न आग्रह | प्रेसविज्ञप्ति- २३ साउन, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार |
| ५ | लम्पी स्किनको रोकथाम र नियन्त्रण प्रभावकारी ढंगले गर । | प्रेसविज्ञप्ति- २४ साउन, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार |
| ६ | मनव अधिकार रक्षकमाथि भएको आक्रमण तथा दुव्यवहारप्रति आयोगको गम्भीर ध्यानाकर्षण घटनाको प्रभावकारी छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आयोगको आग्रह | प्रेसविज्ञप्ति- ३० साउन, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ७ | नागरिकहरुको अधिकारप्रति संवेदनशील हुन आयोगको आग्रह | प्रेसविज्ञप्ति- ३० साउन, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ८ | डेङ्गु रोग नियन्त्रणमा संवेदनशील बन नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर । | प्रेसविज्ञप्ति- ३१ साउन, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |
| ९ | अनशनरत व्यक्तिहरुको मानप अधिकारको रक्षा गर | प्रेसविज्ञप्ति- ३१ साउन, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| १० | बालसुधार गृहमा भएको घटनाको अनुसन्धान प्रारम्भ । | प्रेसविज्ञप्ति- ७ भदौ, २०८० | बाल अधिकार |
| ११ | सामाजिक सद्भाव कायम राख्न आयोगको अपिल वार्ताको माध्यमबाट समस्याको समाधान खोज । | प्रेसविज्ञप्ति- ९ भदौ, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार |
| १२ | *सन्दर्भ बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिन अगष्ट ) (३०* बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर । | प्रेसविज्ञप्ति- १३ भदौ, २०८० | बेपत्ता विरुद्धको अधिकार |
| १३ | आयोगका पदाधिकारी र प्रधानमन्त्रीबिच भेटभाट तथा छलफल पेरिस सिद्धान्त बमोजिम हुने गरी नयाँ ऐन निर्माण गर्ने प्रतिबद्धता | प्रेसनोट- १९ भदौ, २०८० | |
| १४ | राष्ट्र संघीय निकाय तथा कुटनीतिक नियोगहरुसँग छलफल मानव अधिकारको संरक्षण र सम्बद्र्धनमा सहकार्य र सहयोगको प्रतिबद्धता | प्रेसनोट- २१ भदौ, २०८० | |

| | | | |
|---|---|---|---|
| १५ | संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनप्रति आयोगद्वारा गहिरो दुःख व्यक्त | प्रेसविज्ञप्ति-<br>२६ भदौ, २०८० | |
| १६ | आयोगका पदाधिकारीहरुबाट सम्मानानीय राष्ट्रपतिसँग भेटघाट | प्रेसनोट-<br>२७ भदौ, २०८० | |
| १७ | देशका विभिन्न भागमा घटेका घटना र अभिव्यक्तिप्रति आयोगको गम्भीर ध्यानाकर्षण छानविन गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह | प्रेसविज्ञप्ति-<br>२९ भदौ, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| १८ | दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याऊ स्वास्थ्यको अधिकार सुनिश्चित गर । | प्रेसविज्ञप्ति-<br>३१ भदौ, २०८० | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार |
| १९ | विद्यालय शिक्षासम्बन्धी समस्या वार्ताको माध्यमबाट यथाशीघ्र समाधान गर । बालबालिकाको पठनपाठनको अधिकारप्रति संवेदनशील बन । | प्रेसविज्ञप्ति-<br>४ असोज, २०८० | बाल अधिकार |
| २० | बालसुधार गृहहरुमा देखिएको समस्याप्रति आयोगको गम्भीर ध्यानाकर्षण<br>आयोगबाट देशभरका सबै बालसुधार गृहको अनुगमन शुरु । | प्रेसनोट-<br>९ असोज, २०८० | बाल अधिकार |
| २१ | धर्नामा रहेका को स्वास्थ्य अवस्थाप्रति 'ई' संवेदनशील बन ।<br>वार्ताको माध्याबाट यथाशीघ्र समस्याको समाधान गर । | प्रेसविज्ञप्ति-<br>१० असोज, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| २२ | चिकित्सकमाथि आक्रमण तथा कुटपिटका घटनाहरु बन्द गर अत्यावश्यकीय स्वास्थ्य सेवा बन्द हुने वातावरण बनाऊ । | प्रेसविज्ञप्ति-<br>११ असोज, २०८० | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार |
| २३ | जेष्ठ नागरिकहरुको अधिकारको सुनिश्चित गर | प्रेसविज्ञप्ति-<br>१४ असोज, २०८० | जेष्ठ नागरिकको अधिकार |
| २४ | धार्मिक एवम् सामाजिक सद्भाव कायम गर्न आयोगको अपिल | प्रेसविज्ञप्ति-<br>१७ असोज, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार |
| २५ | कैद माफी मिनाहा सम्बन्धमा प्रधानमन्त्रीलाई आयोगको पत्राचार | प्रेसनोट-<br>१९ असोज, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| २६ | आयोगका पदाधिकारी सहितको टोलीद्वारा संघीय संसदका सम्मानानीय सभामुख देवराज घिमिरेसँग भेटघाट तथा छलफल | प्रेसनोट-<br>२२ असोज, २०८० | |

| | | | |
|---|---|---|---|
| २७ | मानसिक स्वास्थ्यसम्बन्धी उपचार सर्वसुलभ र गुणस्तरीय बनाऊ । *सन्दर्भ : ३१औँ विश्व मानसिक स्वास्थ्य दिवस* (अक्टोवर १०) | प्रेसविज्ञप्ति- २३ असोज, २०८० | आर्थिक, सामाजिक तथा राजनीतिक अधिकार/मानसिक स्वास्थ्यको अधिकार |
| २८ | इजरायलमा भएको घटनाप्रति आयोगको गम्भीर चासो | प्रेसनोट- २४ असोज, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| २९ | राष्ट्रिय मानव अधिकार आयोगको काम कारबाही तथा भावी योजनासम्बन्धमा छलफल | प्रेसनोट- २६ असोज, २०८० | |
| ३० | दशैं विदामा आयोग खुला रहने | **प्रेसनोट-** २ कात्तिक, २०८० | |
| ३१ | तिहार तथा छट बिदामा आयोग खुला रहने | **प्रेसनोट- २४** कात्तिक, २०८० | |
| ३२ | भूकम्प प्रभावित जिल्लाहरुको आयोगद्वारा अनुगमन राहत वितरण कार्य प्रभावकारी बनाऊ | प्रेसविज्ञप्ति- २४ कात्तिक, २०८० | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार |
| ३३ | बाल अधिकारको सुनिश्चितता गर्न आग्रह । सन्दर्भ ः अन्तर्राष्ट्रिय बाल अधिकार दिवस (नोभेम्बर २०) | प्रेसविज्ञप्ति- ४ मङ्सिर, २०८० | बाल अधिकार |
| ३४ | विस्तृत शान्ति सम्झौताको १७ वर्ष पूरा सङ्क्रमणकालीन न्यायको सम्बोधन गरी शान्ति प्रक्रियालाई शीघ्र टुङ्गोमा पुर्याउन आग्रह | प्रेसविज्ञप्ति- ५ मङ्सिर, २०८० | सङ्क्रमणकालिन न्यायको अधिकार |
| ३५ | प्रदर्शनलाई शान्तिपूर्ण बनाउन एवम् शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था गर्न आग्रह । | प्रेसविज्ञप्ति- ६ मङ्सिर, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ३६ | प्रदर्शनको मानव अधिकार आयोगद्वारा अनुगमन प्रर्दनलाई शान्तिपूर्ण र संयमित बनाउन आग्रह । | प्रेसविज्ञप्ति- ७ मङ्सिर, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ३७ | घृणायुक्त अभिव्यक्ति बन्द गर अनावश्यक बल प्रयोग नगर | प्रेसविज्ञप्ति- ८ मङ्सिर, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ३८ | अपाङ्गमैत्री वातावरण निर्माण गर्न आग्रह । | प्रेसविज्ञप्ति- १७ मङ्सिर, २०८० | अपाङ्गता भएका व्यक्तिको अधिकार |
| ३९ | आयोगको धारणा | प्रेसविज्ञप्ति- १७ मङ्सिर, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ४० | आयोगको वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपति समक्ष पेश । | प्रेसविज्ञप्ति- २१ मङ्सिर, २०८० | |
| ४१ | रूस र युक्रेन बिचको युद्धमा परेका नेपाली नागरिकहरुको उद्धार गर । | प्रेस विज्ञप्ति- १ पुस, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ४२ | आप्रवासी श्रमिकहरुको अधिकार संरक्षणमा गम्भीर बन | प्रेस विज्ञप्ति- २ पुस, २०८० | आप्रवासी श्रमिकको अधिकार |

| | | | |
|---|---|---|---|
| | सन्दर्भ ः अन्तर्राष्ट्रिय आप्रवासन दिवस डिसेम्बर) (१८ | | |
| ४३ | बालकुमारीमा भएको झडपमा दुई जनाको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन शुरू | प्रेस विज्ञप्ति- १३ पुस, २०८० | नागरिक तथा राजनीतिक अधिकार |
| ४४ | आयोगका पूर्वसदस्य श्री गोकुल पोखरेलको निधनप्रति आयोगद्वारा शोक व्यक्त | प्रेसनोट - १७ पुस, २०८० | |
| ४५ | वातावरणीय मानव अधिकार रक्षकहरुको सम्मेलन घोषणापत्र जारी गर्दै सम्पन्न | प्रेसनोट- १८ पुस, २०८० | स्वच्छ वातावरणीय अधिकार |
| ४६ | सर्लाहीको बरहथवामा जयशंकर शाहको मृत्यु भएको घटनाको आयोगद्वारा अनुगमन शुरू<br>वार्ता र संवादकै माध्यमबाट समस्याको समाधान खोज्न आग्रह । | प्रेस विज्ञप्ति- २२ पुस, २०८० | नागरिक तथा राजनीतिक अधिकार |

# *सञ्चार-माध्यममा आयोग*

## आयोगसँग सम्बन्धित पछिल्ला केही समाचारहरू

**बाहिरियो मानवअधिकार उल्लंघन गर्ने सेना, प्रहरी र कर्मचारीको नामावली**
https://www.onlinekhabar.com/2024/01/1427617

**Constitutional watchdog names 60 persons implicated in serious human rights abuses**

https://kathmandupost.com/national/2024/01/30/nhrc-exposes-60-persons-implicated-in-serious-rights-violations

**मानव अधिकार उल्लंघन गर्ने प्रहरी, सेना र कर्मचारीको नाम सार्वजनिक**
https://www.setopati.com/social/321423?fbclid=IwAR15cxK91Zg6Yeg9Wf1F0lJyS1vzrjZNDwQWVNRg0u3o70jeqD-07Nsqlw0

**मानव अधिकार उल्लंघन गर्नेमा कर्मचारी, प्रहरीदेखि नेतासम्म- यी ६० जनालाई कारबाही सिफारिस (सूचीसहित)**

https://www.nepalpress.com/2024/01/29/424428/?fbclid=IwAR1ABPg31ykjkh1x8eKKht5rWJfVT2leMNurWqvsB28jB_i7dsp9sifMwfo

**Supreme Court intervenes to make rights commission’s role more effective**

https://kathmandupost.com/national/2024/01/29/supreme-court-intervenes-to-make-rights-commission-s-role-more-effective?fbclid=IwAR2njTvZl2B0Jxax7zOee69Xcize81AD-pKUVRu2qNR_V6y0yVHqWhAPLI8

**प्रसुति विदाको सुविधा दिन अपाङ्ग महासंघलाई मानव अधिकार आयोगको निर्देशन**
https://ekantipur.com/news/2024/01/08/human-rights-commission-directive-to-federation-of-disabled-persons-to-provide-facility-of-maternity-leave-42-00.html?fbclid=IwAR3EdcvwFGmlawgyvmqAUSS5fukbnpYkneih7Xq6VvpCv-4CDy9LgxTorT4

बालकुमारीमा दुई जनाको मृत्यु प्रकरण : आयोगले थाल्यो अनुगमन
https://www.ratopati.com/story/403324/aayog-?fbclid=IwAR0EgUBIFzMXV_mG0fa1X_ebU79wfl7X_lYBjeprVV6YJogMkGz1_KJdQdQ

**NHRC asks govt to make arrangements for final rites of Nepalis killed in Russia**
https://thehimalayantimes.com/kathmandu/nhrc-asks-govt-to-make-arrangements-for-final-rites-of-nepalis-killed-in-russia?fbclid=IwAR2Oe4COWXSRQo61YCLss0nuYsx8AC7nEe91aYrDjHjmGwSsfvYM8OyctZE

**आरती साह मृत्यु प्रकरण : पीडितलाई क्षतिपूर्ति दिन मानव अधिकार आयोगको निर्देशन**
https://ekantipur.com/news/2024/01/07/aarti-sah-murder-case-directed-to-give-compensation-to-victim-40-27.html?fbclid=IwAR2njTvZl2B0Jxax7zOee69Xcize81AD-pKUVRu2qNR_V6y0yVHqWhAPLI8

**संकलन/सम्पादन मण्डल**
कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी